Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३५, २०७७ साल जेठ १३ गते मंगलबार (May 26, 2020) www.janaakash.com.np मुल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# मानव अधिकार आयोगद्वारा सरकारलाई चेतावनी

- केन्द्रलाई २२ बुँदे, प्रदेशलाई ६ बुँदे तथा स्थानीय सरकार लाई सात बुँदे सिफारिस ।
- अधिकारको सुनिश्चित गर्न माग ।
- बाँधकै कारण भएको नोक्सानीको क्षतिपूर्ति भराउन माग ।
- ३०० भन्दाबढी व्यक्तिको मृत्यु ।

काठमाडौँ । राष्ट्रिय मानव अधिकार आयोगले सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकको मानव अधिकार संरक्षण गर्न केन्द्र, प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरेको छ ।

आयोगले केन्द्रलाई २२ बुँदे, प्रदेशलाई ६ बुँदे तथा स्थानीय सरकारलाई सात बुँदे सिफारिस गरेको हो । आयोगले समाधान हुन बाँकी रहेका सीमा विवादको स्थायी समाधान गर्दै नेपाल, भारत र चीनको त्रिदेशीय बिन्दुसमेत कायम गरी ती क्षेत्रमा बसोबास गर्ने नागरिकको मर्यादित जीवन जिउन पाउने अधिकारको सुनिश्चित गर्न सार्थक र प्रभावकारी कूटनीतिक पहल अगाडि बढाउन सरकारलाई सिफारिस गरेको छ । त्यस्तै आयोगले शारदा, गण्डक र कोशी नदीमा भएका द्विपक्षीय सम्झौताबाट ती क्षेत्रको आसपास बसोबास गर्ने नेपाली नागरिक समानुपातिकरूपमा लाभान्वित हुन नसकेको देखिँदा तत्कालका लागि प्रभावित नागरिकलाई सम्झौताबमोजिम निर्माण भएका बाँधकै कारण भएको नोक्सानीको क्षतिपूर्ति भराउने व्यवस्था मिलाउन र दीर्घकालीनरूपमा उल्लिखित सम्झौताबाट दुवै देशका नागरिक समानरूपमा लाभान्वित हुने अवस्था सिर्जना गर्न कूटनीतिक पहल अगाडि बढाउन भनिएको छ । सीमा क्षेत्रमा निर्माणाधीन वा निर्माण भइसकेका बाँध तथा तटबन्धका कारण ती क्षेत्रमा बस्ने नागरिकका बहुआयामिक अधिकार उल्लङ्घन भइसकेकाको हकमा उनीहरूको विवरण सङ्कलन गरी तत्काल राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था मिलाउन र भविष्यमा यस्तो अवस्था दोहोरिन नदिन नेपाल सरकारले तत्काल भारत सरकारसँग प्रभावकारी र सार्थक कूटनीतिक पहल गरी समस्याको समाधान गर्न आयोगको सिफारिसमा भनिएको छ ।

त्यस्तै सुरक्षाकर्मी, जङ्गली जनावर, बाँध तथा तटबन्ध, गोरेटो, कच्ची बाटोको अभाव एवम् शीतलहर समेतबाट ३०० भन्दाबढी व्यक्तिको मृत्यु भई जीवनको अधिकार समाप्त भएको भनी प्राप्त प्रारम्भिक तथ्य र त्यसको पछाडि आर्थिक र सामाजिक रूपमा सुरक्षित हुनसक्ने वातावरण निर्माण हुन नसकेको अवस्था रहेकाले सीमाक्षेत्रमा बसोबास गर्ने नागरिकको मर्यादित जीवनको अधिकार संरक्षण गर्न उनीहरूका आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकार सुरक्षाका लागि उचित प्रबन्ध गर्नुपर्ने सिफारिसमा उल्लेख छ ।

नेपाल र भारत दुवैतर्फ रहेका आरक्षण तथा निकुञ्जबाट निस्कने जङ्गली जनावरबाट व्यक्तिको परिवार र जीवन नै समाप्त गरिदिएका घटनाले भयरहितरूपमा जिउन पाउने नागरिकको अधिकार पूर्णरूपमा सुनिश्चित गर्नुपर्ने लगायत सिफारिस अयोगले गरेका छन् । राष्ट्रिय मानव अधिकार आयोगले अन्तरराष्ट्रिय सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकको मानव अधिकार अवस्थाका सम्बन्धमा अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छ । आयोगले छिमेकी मित्रराष्ट्रसँग जोडिएका ४०

बाँकी २ पृष्ठमा

# नयाँ बानेश्वरका तीन घर सिल

काठमाडौँ । कालिमाटीमा कार्यरत प्रहरीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि उहाँको निवासस्थल काठमाडौँ महानगर पालिका-१० नयाँबानेश्वरका तीन घर सिल गरिएको छ । प्रहरीको निवास नयाँ बानेश्वरस्थित भरोसा अस्पताल पछाडि रहेकाले त्यस क्षेत्रका तीन घर सिल गरी ट्रेसिङ भइरहेको वडा सदस्य नरोज अर्यालले राससलाई जानकारी दिनुभयो । ट्रेसिङ गरिएकाको एक हप्तापछि मात्र स्वाब सङ्कलन गरिने भएको छ । ट्रेसिङ गर्न, स्वाब सङ्कलन गरी परीक्षणपछि प्रतिवेदन आउन हप्तौँ लाग्ने भएपछि वडावासीले लामो समय त्रासमा बिताउनुपरेको उहाँले बताउनुभयो ।

सङ्क्रमितको सम्पर्कमा आएका मानिसमा कम्तीमा सात दिनपछि मात्र लक्षण देखिने भएकाले समय लिएर स्वाब सङ्कलन गर्ने गरिएको जनाइएको छ । कोरोनाको सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका बेला वडाले अत्यावश्यक सेवाका ढल, खानेपानी लगायत समस्या समाधानलाई निरन्तरता दिएको वडा कार्यालयले जनाएको छ ।

यता हेटौँडा अस्पतालमा उपचार गराएकी एक महिलामा कोरोना संक्रमण भएको पाइएपछि हेटौँडा अस्पतालका पाँच जना डाक्टरसहित २२ जनालाई क्वारेण्टाइनमा राखिने भएको छ । ६ दिनअघि अस्पतालमा उपचार गराएकी महिलामा कोरोना संक्रमण भएको पुष्टि भएपछि अस्पताल विकास समितिको शनिबार बसेको आकस्मिक बैठकले अस्पतालका कर्मचारी, डाक्टर सहित स्वास्थ्यकर्मीलाई क्वारेण्टाइनमा राख्ने निर्णय गरेको हो । काठमाडौँमा स्वाबको पीसीआर परीक्षण गराउँदा हेटौँडाका ५४ वर्षीय महिलामा कोरोना संक्रमण भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार नियमति पत्रकार सम्मेलनमा सार्वजनिक गरेको गरेको थियो । कोभिड १९ संक्रमित महिलासँग प्रत्यक्ष सम्पर्क रहेका डाक्टर, नर्सलगायतका स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई क्वारेण्टाइनमा राख्ने निर्णय भएको हेटौँडा अस्पतालले जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार नियमति पत्रकार सम्मेलनमा हेटौँडाका एक महिलामा कोरोना संक्रमण भएको भन्दै गलत ठेगाना सार्वजनिक गर्दा स्थानीयमा

बाँकी २ पृष्ठमा

## काँग्रेसद्वारा कोरोना रोकथामका लागि युद्धस्तरमा कार्य गर्न अपिल

# पिसिआर परीक्षण नि:शुल्क गर्न माग

काठमाडौँ । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोना विरुद्धको सङ्घर्ष क्रममा सङ्क्रमितको सङ्ख्या व्यापक बढेको र तीन जनाको मृत्युसमेत भइसकेको स्थितिलाई गम्भीरतापूर्वक लिँदै सरकारलाई स्थितिको गहन समीक्षा गरेर युद्धस्तरमा कार्य गर्न अपिल र माग गरेको छ । काँग्रेस केन्द्रीय कार्यालयमा आज बसेको पार्टी पदाधिकारी बैठकले नेपालमा पहिलो सङ्क्रमित भेटिएको चार महिना र लकडाउन भएको दुई महिना पूरा हुँदासम्म अझै पनि परीक्षण सुस्त गतिमा हुनु, पर्याप्त स्वास्थ सामग्री नहुनु, क्वारेन्टिनहरू नाम मात्रको हुनु, राहतको पर्याप्त प्याकेजको प्रबन्ध गर्न नसक्नुलाई सरकारको असक्षमताका रूपमा टिप्पणी गरेको छ । बैठकले काममा गति बढाउन, आवश्यक सम्पूर्ण प्रबन्ध गर्न र पिसिआर परीक्षण नि:शुल्क रुपले व्यापक बढाउन सरकारसमक्ष माग गरेको काँग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । भारतको विभिन्न शहरबाट सीमामा आइपुगेका नेपालीलाई व्यवस्थित ढङ्गले प्रवेश गराउन, क्वारेन्टिनमा राख्न र पिसिआर परीक्षणपश्चात् मात्रै घर पुऱ्याउने प्रबन्ध गर्न बैठकले माग गरेको छ । सरकारले यो विषयमा गम्भीर ध्यान नदिएर व्यवस्थित योजना साथ कार्य नगरिरहेको चित्रले आगामी दिनमा स्थिति झनै जटिल बन्न सक्नेतर्फ सरकारलाई सतर्क गराउँदै बैठकले नागरिकको जीवनप्रति खेलबाड नगर्नसमेत सरकारलाई आग्रह गरेको उहाँले बताउनुभयो । विदेशमा अप्ठ्यारोमा परेका नेपालीलाई उद्धार गर्ने व्यवस्थित कार्ययोजना निर्माण गर्न सरकारले ढिलाइ गरेको भन्दै बैठकले यथाशी आवश्यक योजना सार्वजनिक गरेर अप्ठ्यारोमा परेका नेपालीको उद्धार थाल्न सरकार समक्ष माग गरेको छ । अन्य विविध कारणले विदेशमा मृत्यु भएका करीब २०० भन्दा बढी नेपालीको शव नेपाल ल्याउने प्रबन्ध तत्काल मिलाएर शोकमा रहेका परिवारजनको पीडामा मल्हम लगाउने राज्यको कर्तव्य पालना गर्न बैठकले आग्रह गरेको छ । यसैगरी बैठकले सन् १८१६ को सुगौली सन्धिको ऐतिहासिक तथ्यको जगमा महाकाली पूर्वको लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको भूभाग भएको र ती भूभागमा नेपालको हक निर्बाध ढङ्गले स्थापित हुनु पर्दछ भन्ने काँग्रेसले विगतदेखि नै राख्दै आएको प्रस्ट धारणालाई दोहोऱ्याएको छ । साथै बैठकले सरकारलाई उच्चस्तरीय कूटनीतिक र राजनीतिक पहल गर्न पुनः माग गर्ने निर्णय गरेको छ । सरकारद्वारा संसद्मा प्रस्तुत संविधान संशोधन सम्बन्धी विषयमा आवश्यक निर्णय गर्न पार्टी केन्द्रीय कार्य समितिको बैठक बोलाउने निर्णय भएको मुख्यसचिव पौडेलले बताउनुभयो । बैठकले एकल महिला र अपाङ्गता भएका नागरिकको भत्तामा हालै गरिएको कटौतीप्रति आपत्ति जनाउँदै त्यसलाई पुन:

बाँकी २ पृष्ठमा

# कोरोनाको त्रास :यार्सागुम्बा सङ्कलनमा रोक

दार्चुला । विश्वभर कोरोना भाइरसको त्रास फैलिरहेको भन्दै दार्चुलामा यार्सागुम्बा सङ्कलनमा रोक लगाइएको छ । हजारौँको सङ्ख्यामा यार्सागुम्बा सङ्कलन गर्न जाने क्षेत्रमा सङ्कलन अनुमति दिँदा जोखिम बढ्ने भएपछि सङ्कलनमा रोक लगाइएको हो । यार्सागुम्बा सङ्कलनमा रोक लगाइएसँगै स्थानीयको आयस्रोत भने गुम्ने देखिएको छ ।

यार्सा टिपेर आफनो घर खर्च तथा छोराछोरीको पढाइ खर्च जुटाउने दार्चुलाका अधिकांश स्थानीय तहका नागरिक यसपटक भने आर्थिक मन्दी हुने चिन्तामा छन् । अहिलेको समयमा आर्थिक स्रोतका रूपमा यार्सागुम्बा सङ्कलन नहुँदा परिवारको आम्दानी स्रोत घट्ने अपिहिमाल गाउँपालिका ४ स्थानीय उद्धवसिंह बोहराले बताउनुभयो ।

"तीनदेखि चार हजार मिटरको उचाइमा पाइने यार्सागुम्बा टिप्न जेठको पहिलो सातादेखि अनुमति जारी हुँदै आएको थियो तर यसपटक भने अनुमति नदिने भएपछि हामी स्थानीयवासी निराश छौँ", उहाँले भन्नुभयो, "कोरोनाको जोखिमभन्दा पनि घर खर्च र बालबालिकाको पठनपाठन कसरी गराउने चिन्ता पलाएको छ ।

हामी जडीबुटीमा आश्रित छौँ ।" आयस्रोतका रूपमा यार्सागुम्बामा निर्भर रहेका यहाँका अधिकांश स्थानीयवासी यार्सा सङ्कलन गरेर ऋण तिर्ने भन्दै एक वर्षदेखि नै खाद्यान्न किन्ने गर्छन् । यसपटक व्यापारीले पनि लगानी गरेका छैनन् । यार्सा बन्द भएपछि स्थानीयवासीले अहिले कसरी ऋण तिर्ने भन्ने समस्या रहेको बोहरा बताउनुहन्छ ।

अपिहिमाल गाउँपालिका २ का प्रेमसिंह कार्की यसपटक अपिहिमालका स्थानीय यार्सागुम्बा सङ्कलन गर्न नपाएर समस्यामा पर्ने अवस्था आएको बताउँदै भन्नुहुन्छ, "यसपटक घर खर्च चलाउनै मुस्किल हुने भयो, गाउँमा काम पनि छैन, यार्सा सङ्कलन गर्न रोक लगाइएको छ ।" कामको चटारो हुने यो बेला घरमै बस्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ । दार्चुलाको अपिहिमाल गाउँपालिका, मार्मा, व्यास, नौगाड गाउँपालिकाका धेरैजसो बासिन्दा यार्सा सङ्कलन गर्न जाने गरेका छन् । विगतमा यसबेला विद्यालय बन्द गराएर

बाँकी २ पृष्ठमा




गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
Hattisar, Kathmandu
Tel: 4444039 • Fax: 4443414
Email: info@goodwill.net.np

Branches

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Dillibazar 4422290 | Indrachowk 4229554 | Taumadhi, Bhaktapur 6620067 | Kumaripati, Lalitpur 5008690 | Tripureshwor 4231533 | Itahari, Sunsari 025-587051 | Birtamod 023-540548 | |
| Nepalgunj 081-528056 | Ghorai, Dang 082–563350 | Ilam 027-520949 | Phidim 024-521068 | Butwal 071–547282 | Bardibas 044–550102 | Dhangadi Tel 091-417357 | Nawalpur Tel 046-570060 |

www.goodwillfinance.com.np financing for success..... since 1995

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# बेरोजगार युवाको चिन्ता

सुदूरपश्चिम प्रदेशका धेरै जिल्लाका युवाहरु रोजगारीका लागि भारत जाने चलन छ । यस्तो चलन कर्णाली प्रदेशमा पनि कायमै छ । उनीहरुमध्ये अधिकांश कामका लागि भारत जाने गर्छन् र केहीमात्र अन्य देशमा । यहाँ छोरा भारत नगएको घर भेटाउन मुस्किल नै पर्छ । छोरा भारत जाने उमेरको पुग्यो भने यहाँको समुदायमा बाबुका दिन फिरे भन्ने हिसाबले लिइन्छ । यतिखेर भने यहाँका स्थानीयवासीको वर्षौंदेखिको यो चलनले खुशी दिन सकेको छैन, झन समस्या थपिदिएको छ । किन भने यहाँको प्रमुख रोजगार गन्तब्य भारत यतिखेर कोरोना भाइरसको सङ्क्रमणले बन्दाबन्दीमा छ ।

यो भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपालमा पनि यतिबेला बन्दाबन्दी छ । उता भारतमा बन्दाबन्दी भएर नेपाल छिरेका स्थानीय नागरिकलाई अब भने घरखर्च चलाउन पनि गाह्रो भएको छ । यतिखेर कर्णाली प्रदेशमा मात्र करिब एक लाख नागरिक भारत तथा तेस्रो मुलुकबाट घर फर्केका छन् । यसरी एकैपटक धेरैजना गाउँ आइपुगेका छन् तर यहाँ पनि रोजगारीको कुनै सम्भावना छैन । अहिलेको यो परिस्थितिले यहाँका बासिन्दामा खाद्यान्न सङ्कटको समस्या उत्पन्न हुनसक्ने स्वयं यहाँका स्थानीय जनप्रतिनिधिले नै बताउन थालेका छन् ।

भारतबाट फर्किएका युवाहरु बेरोजगार छन् । चैत ११ मा शुरु भएको लकडाउनयता करिब ३० हजारजना नेपाली खुला सिमाना हुँदै कर्णालीका विभिन्न जिल्लामा आइपुगेका छन् । जिल्लाका आठ स्थानीय तहका करिब २२ हजारजना जति भारतबाट फर्केको छ । पातारासी गाउँ पालिकाभित्रका स्थानीयवासी फागुन २८ यता ६०० जनाभन्दा बढी भारतमा काम छाडेर घर फर्केको गाउँपालिकाले जनाएको छ । चन्दननाथ नगरपालिकामा मात्रै दुई हजार मानिस भारतबाट फर्केको उपप्रमुख अप्सरादेवी न्यौपाने (महतले) बताउनुभयो । भारतमा वर्षको केही समयमात्र काम गर्ने मानिस मजदुरी गरेको रकमसमेत नपाएर बेखर्ची भएर घर फर्केको महतले बताउनुभयो । यसरी फर्केका मानिसलाई अहिले कहाँ बसौँ, के खाउँ भन्ने भएको छ । तिला गाउँपालिका १ का हरि परियारका परिवार पाँच वर्षअघि भारत जानुभएको थियो । गत चैत १० गते उहाँहरू फर्कदा घर खण्डहर भइसकेको थियो । हरिको परिवारमा तीन छोरी, दुई छोरा र श्रीमतीसहित सातजना छन् । अहिले उहाँहरू आफना छिमेकी मुनबहादुर परियारको घरको मुनि गाईबस्तु बाँध्ने र आफूहरु माथि बस्ने गर्नुभएको छ । उहाँले साथीहरूलाई सापटी दिएको पैसा पनि फर्कनुभन्दा अघि फिर्ता लिन पनि भ्याउनुभएन । "केही ब्यक्ति मिलेर निश्चित समयका लागि मासिक रकम जम्मा गर्ने र पालैपालो काम चलाउनेगरी रकम लिने अभ्यास गरेका थियौँ, मैले पनि रकम उठाउनुथियो तर पनि हिँड्ने बेलामा हतार भयो माग्न पनि पाइएन" उहाँकी श्रीमती विर्षकली परियारले बताउनुभयो । भारतमा त साउनसम्म नै बन्द हुने हल्ला भयो, आफनो रोजगारी पनि बन्द भयो, के गरेर परिवार पाल्ने होला भन्ने भयो र हिँड्यौं । तर उहाँलाई नेपाल आएर पनि सुख भने छैन । अब परिवार कसरी पाल्ने भन्ने चिन्ता बढेको छ । त्यसैले प्रत्येक स्थानीय तहले गाउँघरमै रोगजारको सिर्जना गर्न पर्छ । बेरोजगार युवाहरुलाई थोरै भए पनि राहत दिन आवश्यक छ ।

# लकडाउनले सम्पूर्ण आर्थिक क्रियाकलाप ठप्प

**रमेश लम्साल**

सरकारले कोरोनाको महामारी रोक्न लकडाउन गरेको आज ठयाक्कै ६२ दिन भयो । मुलुकको सम्पूर्ण आर्थिक क्रियाकलाप प्राय ठप्प छ । नागरिक घरभित्रै छन् । पेशा व्यवसायमा समेत कोरोनाले कहर निम्त्याइदिएको छ । देशभित्र पनि कोरोना सङ्क्रमित हुनेको सङ्ख्या बढ्दै गएको छ ।

कोरोना कहरका बीचमा पनि घरभित्र रहेका नेपाली नागरिकलाई आशाको सञ्चार भर्ने केही काम भने नियमित भइरहेका छन् । विपद्सँग जुध्दै भएका कामले नेपाली नागरिकलाई एकखालको आत्मविश्वास भरिदिएको छ । त्यसले सरकारी निकाय काममा छन् र उनीहरूले नेपाली जनतालाई लकडाउनमा पनि विश्वास भर्न अभिप्रेरित छन् भन्ने देखाएको छ ।

लाखौँ नेपालीको आशा र भरोसाको केन्द्रविन्दुमा रहेको माथिल्लो तामाकोशीले लकडाउनमा दिएको सन्देश घरभित्रै बस्न बाध्य भएका नेपालीलाई हर्षित तुल्याउने खालको छ । आयोजनामा लगानी गर्ने शेयरधनीको सङ्ख्या १० लाख बढी छन् । नियमितरूपमा पूर्ण क्षमतामा काम हुन पाएको भए राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम करिब सम्पन्न हुने अवस्थामा पुग्ने थियो । कोरोनाको सङ्क्रमण हुन नदिन सरकारले लकडाउन घोषणा गरेपछि आयोजनाको काम केही समय प्रभावित भयो । एकाध दिन रोकिए पनि आयोजनाले सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अपनाएर काम चालू नै राखिएको छ । यसअघि तय गरिएको कार्य तालिकामा निर्माण सकिएको भए दैनिक करिब रु पाँच करोड बराबरको क्षतिसमेत नहुने अवस्था आउने थियो ।

विषम अवस्थामा पनि केही भौतिक निर्माणका आयोजना भने आफनै रफतारमा अगाडि बढेका छन् । प्रगति पनि लोभलाग्दो देखिएको छ । देशको आर्थिक समृद्धिमा समेत महत्वपूर्ण स्थान राख्ने माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम यतिखेर पनि जारी छ । लकडाउनमा पनि काम भइरहेको छ ? हो, आम मानिसले सोचेभन्दा भिन्नै तरिकाले माथिल्लो तामाकोशीको काम धमाधम भइरहेको छ । मन्त्रिपरिषद्को गत वैशाख २४ गतेको निर्णयपछि त झन् आयोजनालाई थप सहज भएको छ । आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेका अनुसार सबैभन्दा जटिल मानिएको दुई ठाडो सुरुङको कामसमेत लकडाउनको समयमा उल्लेख्य प्रगति भएको छ । कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमध्ये अब बाँकी ६० मिटर मात्रै छ । गत असारदेखि ठाडो सुरुङमा पाइप जडानको काम शुरु भएको थियो । कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङको पाइप जडान सम्पन्न भएको छ । पाइप जडानको काम सकिएपछि अष्ट्रियन कम्पनीले थप कामका लागि भारतीय कम्पनीलाई जिम्मा लगाउँछ । एउटा पाइप राख्न न्यूनतम पाँच दिन लाग्ने भएकाले आगामी असारसम्म ठाडो सुरुङमा पाइप जडानको काम सम्पन्न हुनेछ । तल्लो ठाडो सुरुङको काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले गरिरहेको छ । यस्तै कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले पनि लकडाउनको समयमा आफूलाई अब्बल सावित गरेको छ । प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमध्ये हालसम्म २५० मिटरमा पाइप जडान भइसकेको छ । अब सो सुरुङमा मात्रै ६० मिटर पाइप जडान गर्न बाँकी छ । सोमबार र मङ्गलबार पनि पाइप जडान गर्ने कार्यतालिका रहेकाले अब ५४ मिटरमा झर्नेछ । पाइप जडानको काम प्रभावकारी रूपमा अगाडि बढेको र एउटा पाइप जडानका लागि पाँच कार्य दिन लाग्ने गरी व्यवस्थापन मिलाइएकाले आगामी असारको पहिलो सातासम्म सबैभन्दा जटिल मानिएको ठाडो सुरुङमा पाइप जडान सकिने प्रवक्ता डा न्यौपानेले जानकारी दिनुभयो ।

यस्तै आयोजनाको सुरुङको तेर्सो स्थानमा जडान हुने केही पाइपको पनि जडानको काम अगाडि बढ्नेछ भने घुमेको पाइप जडानको काममा समेत गति दिने तयारी गरिएको छ । यस्तै सुरुङमा कङ्क्रिट लाइनिङ र ग्राउटिङको कामसमेत भइरहेको छ । केही सामान भने भारतीय ठेकेदार कम्पनी टेक्सम्याको कारखानामा रहेका कारण लकडाउनका कारण आयात गर्न समस्या परेको छ । प्रवक्ता न्यौपानेले सिमेन्ट र की अत्यावश्यक सामग्री आयातका लागि सहजीकरण गरिदिन गृह मन्त्रालयलाई आग्रह गरिएको बताउनुभयो । राष्ट्रिय गौरवको आयोजना भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले गृह मन्त्रालयसँग आवश्यक समन्वय गरेर निर्माण सामग्रीको ढुवानीको प्रबन्ध गरिदिनुभएकाले पनि थप सहजता पैदा भएको छ । आयोजनाले यसअघि केही अत्यावश्यक सिमेन्ट, रडलगायत सामग्रीको नियमित आपूर्ति गरेको थियो । आयोजनास्थलमा लकडाउनको समयमा समेत झण्डै ६५० श्रमिक हाल पनि कार्यरत छन् । केही श्रमिकले भने घर जान पाए हुन्थ्यो भन्ने माग आयोजनासमक्ष राखेका छन् । उनीहरूलाई उत्प्रेरित गरेर काममा लगाइएको जानकारी प्राप्त भएको छ । लकडाउनका कारण यही वैशाखमै पाइप जडानको काम सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि केही दिन काम बन्द हुँदा समयसीमा पर सरेको हो ।

यस्तै ठाडो सुरुङमा पाइप जडानका अलावा त्यसको गास (जोड्ने स्थान) मा पनि पाइप जडान गर्नुपर्ने काम बाँकी छ । सो काममा लागि थप १५ दिन लाग्ने भएकाले असारभरिमा निर्माणको काम सम्पन्न गर्ने तयारीमा आयोजना छ । यस्तै विद्युत् उत्पादन गर्ने उपकरण लगायत सामग्री भने जडान गरेर तम्तयारी हालतमा राखिएको छ । पाइप जडान लगायत अन्य प्राविधिक काम सम्पन्न गरेर सकेसम्म चाँडो पहिलो युनिट सञ्चालनमा ल्याउने तयारीमा नेपाल विद्युत् प्राधिकरणसमेत जुटेको छ । एउटा युनिटबाट ७६ मेगावाट विद्युत् उत्पादन हुने छ । आयोजनामा कूल छ वटा विद्युत् उत्पादन गर्ने युनिट रहेका छन् । माथिल्लो तामाकोशी यस्तो आयोजना हो, जहाँ सुरक्षाका सम्पूर्ण उपाय अपनाएर लकडाउनमा समेत काम भइरहेको छ । जुन अन्य आयोजनाका लागि समेत अनुकरणीय देखिएको छ । काम भइरहँदा आयोजनाका पदाधिकारी लाई अन्य कुराले भन्दा पनि निर्माण सामग्रीको ढुवानी रोकिँदा भने समस्या आइलाग्छ कि भन्ने चिन्ताले भने अहिले पनि सताइरहेको छ । सो समस्यासमेत हल भएको खण्डमा चालू आवको अन्त्यसम्म आयोजना निर्माण सम्पन्न हुने चरणमा पुग्नेछ । सबै व्यवस्था मिलेको खण्डमा राष्ट्रिय गौरवका आयोजनामध्ये सबैभन्दा पहिले सकिने आयोजनाका रूपमा माथिल्लो तामाकोशी चित्रित हुने भएको छ ।

जिल्ला प्रशासन कार्यालय दोलखाले आयोजनालाई सहजीकरण गरिरहेको छ । अत्यावश्यक पास तथा अन्य सुविधा समेत उपलब्ध गराएको छ । आयोजनाको महत्व र गाम्भीर्यतालाई बुझेर जिल्ला प्रशासन कार्यालयले आवश्यक सहयोग गरेको छ । आयोजनामा कार्यरत श्रमिकलाई व्यक्तिगतरूपमा सुरक्षाको राम्रो प्रबन्ध गरिएको छ । प्रवक्ता न्यौपानेका अनुसार बाँधतर्फको सिभिलको काम पूरा भएको छ । हाइड्रोमेकानिकल गेट राख्ने तयारी गरिएको छ ।

सरकारले विशेष व्यवस्था गरेर राष्ट्रिय गौरवका आयोजनालाई अगाडि बढाउने प्रबन्ध गरेको छ । पछिल्लोपटक यही वैशाख २४ गते बसेको मन्त्रिपरिषद्को बैठकले माथिल्लो तामाकोशीलगायत आयोजनालाई लकडाउनको समयमा समेत काम गर्न सक्ने गरी विशेष व्यवस्था गरेका कारण पनि थप सहजता भएको छ । आयोजनास्थलमा एक एम्बुलेन्स अनिवार्य रूपमा राख्नैपर्ने, निर्माणस्थलमा खटिएका कामदारलाई आइसोलेसनमा बसेजस्तै गरी स्थानीयवासीसँगको सम्पर्क गर्न नदिने तथा व्यक्तिगत सुरक्षाको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तै आयोजना स्थलमा एक मेडिकल टिम अनिवार्यरूपमा राख्ने व्यवस्था गरिएको छ । कुनै स्वास्थ्य समस्या देखिनेबित्तिकै उपचारको प्रबन्ध गर्न व्यवस्था गरिएको छ । कोभिड-१९ समन्वय समितिको बैठकले ठूला आयोजना तथा दैनिक उपभोग्य वस्तुको उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने निर्णय यसअघि नै गरेको छ । सोही आधारमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोशीको काम चालू हालतमा छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पुनका अनुसार निर्माण सामग्री आयातमा समेत सहजीकरण गरिएको छ । मन्त्री पुनका अनुसार ठूला आयोजनामा काम गर्ने वातावरण गत चैत २० गतेदेखि नै मिलाइएको थियो । ऊर्जाका आयोजना मात्रै नभइ अन्य खालका उद्योग सञ्चालन गर्ने भन्ने निर्णय भएअनुसार नै प्रक्रिया अगाडि बढाइएको मन्त्री पुनको भनाइ छ । विशेषगरी कोरोनाको सङ्क्रमण फैलन नदिन श्रमिकको स्वास्थ्य सुरक्षाको ग्यारेन्टी गर्ने विषय प्रमुख प्राथमिकतामा छ । अन्य नागरिकसँग घुलमिल नहुने वातावरण बनाउने, हरेक आयोजनामा एक एम्बुलेन्स र मेडिकल युनिट रहनैपर्ने व्यवस्था गरिएको छ । कूल ४५६ मेगावाट क्षमताको सो आयोजनाको हाल भौतिक प्रगति ९९ दशमलव चार प्रतिशत पुगेको छ । निर्माण सम्पन्न हुनै लागेका जलविद्युत् आयोजनाको कामलाई निरन्तरता दिन अत्यावश्यक निर्माण सामग्री ढुवानीका लागि गृह मन्त्रालयले आवश्यक व्यवस्था मिलाइदिएको छ । यस्तै प्रसारण लाइन निर्माण र सवस्टेशनको कामसमेत सम्पन्न हुने चरणमा पुगेको छ । कूल २२० केभी क्षमताको प्रसारण लाइन निर्माण सकिएको भए पनि केही मल्टिसर्किटका टावर भने निर्माण गर्न बाँकी छ । त्यस्तै न्यूखिम्ती सवस्टेशनमा भने कामदारको अभावले निर्माणको काम रोकिएको छ । आर्थिक समृद्धिको लक्ष्यमा महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको माथिल्लो तामाकोशीबाट एकाध महिनामा विद्युत् उत्पादन हुने विश्वास गर्न सकिन्छ ।

## मानव......

जिल्लाका सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकको मानव अधिकारको अवस्था प्रतिवेदन वेबसाइडमार्फत सार्वजनिक गरेको हो । आयोगका सदस्यद्वय मोहनाअन्सारी र गोविन्द शर्मा पौडयालसहितको अनुगमन टोलीले भारत र चीनसँग सिमाना जोडिएका २८ जिल्लामा २०७२ सालदेखि २०७६ सालसम्म स्थलगत अध्ययन गरेको थियो । प्रतिवेदनमा अन्तरराष्ट्रिय सीमास्तम्भ, सीमा क्षेत्रमा निर्मित बाँध, सडक, तटबन्ध र राष्ट्रिय निकुञ्ज एवं आरक्षण समेतबाट नेपाली नागरिकको आधारभूत मानव अधिकार प्रचलनमा परेको प्रभाव सम्बन्धमा उल्लेख गरिएको छ । प्रतिवेदनमा विशेषत नागरिकको जीवन, मर्यादा, स्वतन्त्रता, समानता, सुरक्षा, अपमानजनक र अमानवीय व्यवहार, निष्पक्ष सुनुवाइ, राष्ट्रियता, शिक्षा, स्वास्थ्य, खाद्यान्न, रोजगारी, गरिबी, विकास, विस्थापन र उपभोक्ता लगायतका अधिकारको अवस्थासम्बन्धी तथ्य रहेको छ । नेपाल, भारत र चीनबीच त्रिदेशीय सीमा बिन्दु कायम गर्न, नेपाल र भारतबीचको आवागमनलाई नियमन र व्यवस्थित गर्न, सीमा क्षेत्रमा बनेका सडक, बाँध तथा तटबन्धका कारण ती क्षेत्रमा बसोबास गरिरहेका नागरिकले व्यहोर्नु परेको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन प्रतिवेदनमा माग गरिएको छ । प्रतिवेदनमा कोशी, गण्डक र शारदा बाँधको उपभोगमा नेपाली नागरिकले समानुपातिक रूपमा लाभान्वित हुन पाउने अवस्था सिर्जना गर्न, सीमा क्षेत्रबाट बेपत्ता पारिएका नागरिकको अवस्था सार्वजनिक गर्नलगायत विभिन्न ४१ बुँदामा सङ्घीय तथा प्रदेश सरकारमा सिफारिस गरिएको छ ।

## नयाँ.....

त्रास सिर्जना भएको थियो । मन्त्रालयले हेटौँडा ३ का ५४ वर्षीय महिलामा कोरोना भाइरस संक्रमण भएको सार्वजनिक गरेको थियो । हेटौँडा ३ हेटौँडा उपमहानगर पालिकाको नयाँ संरचना बन्नुपूर्व बजार क्षेत्र रहेकोमा हाल बसामाडी क्षेत्रमा पर्ने भएकोले दुवै क्षेत्रका नागरिक गलत ठेगाना सार्वजनिक हुँदा त्रसित बन्न पुगेका थिए । तर पछि ती महिला हेटौँडा ४ हुप्राचौर क्षेत्रको रहेको खुल्न आएको र गलत ठेगाना सार्वजनिक भएको बाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालयका कोभिड १९ का प्रवक्ता डाक्टर पुरूषोत्तमराज सेडाइँले जानकारी दिनुभयो । उहाँका अनुसार संक्रमित महिलाको घर, हेटौँडा अस्पताल र त्रिवि शिक्षण अस्पतालमा हाल कन्ट्याक्ट ट्रेसिङको काम भइरहेको छ । ती महिलामा हेटौँडा हुँदै वा त्रिवि शिक्षण अस्पतालमा उपचारका क्रममा कोरोना संक्रमण भएको भन्ने यकिन भएको छैन ।

## पिसिआर.....

कार्यान्वयनमा ल्याउन र समयानुकूल वृद्धि गर्न माग गरेको छ । बैठकले कोरोनाबाट सिन्धुपाल्चोक, बाँके र गुल्मीमा मृत्यु भएका तीन नेपालीसँगै विदेशमा जीवन गुमाउने सबै नेपालीको आत्माको चिरशान्तिको कामना गर्दै उपचाररत सबै नेपालीको शीघ्र स्वास्थलाभको कामना गरेको छ । त्यस्तै जेलमा रहेका काँग्रेसका सांसद अफताब आलमको घर रौतहटमा नेपाल प्रहरीले मध्यरातिको समयमा घर घेरेर तोडफोड समेत गरी आतङ्क मच्चाएको भन्दै बैठकले घटनाको निन्दा गरेको छ । पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा भएको बैठकमा विशेष आमन्त्रितका रूपमा वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वउपसभापति गोपालमान श्रेष्ठ, पूर्वमहामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला, संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँण, राष्ट्रियसभामा प्रतिपक्षी नेता राधेश्याम अधिकारी लगायतको उपस्थिति थियो ।

## कोरोना......

हिमाली क्षेत्रका स्थानीयवासी यार्सागुम्बा सङ्कलनमा जाने गरेका थिए । डेढदेखि दुई महिनासम्म हिमाली क्षेत्रमा यार्सागुम्बा र अन्य जडीबुटी सङ्कलनमा व्यस्त रहने यहाँका स्थानीयवासी यसपटक भने बन्दाबन्दीले घरमै बस्न बाध्य छन् । हिमाली गाउँपालिकाका धेरैजसो मानिसको आयआर्जनको मुख्य स्रोत नै यार्सागुम्बा हो । यसपटक बन्दाबन्दीका कारण यार्सागुम्बा सङ्कलन पनि ठप्प भएको व्यास गाउँपालिका १ का विमल बोहराले बताउनुभयो । "खेतपानी लगाउन पाइएको छैन, व्यापार गर्न नाका ठप्प छ, यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिइएको छैन । यसपटक कसरी परिवार पाल्ने भन्ने चिन्ता हुन थालेको छ", उहाँले भन्नुभयो, "सबै तवरले हामी समस्यामा परेका छौँ, कुञ्चा ढिलाइ सर्दा खेतीपातीसमेत गर्न समस्या भएको छ ।"

# कृषि व्यवसायमा सफल कैलालीका युवा

**प्रकाश मिश्र**

घोडाघोडी । सिँचाइ विभागको ओभरसियरमा करिब ६ वर्ष सेवा गरेका कैलालीको घोडाघोडी नगरपालिका-१ सुखडका ३४ वर्षीय टेकबहादुर मगर जागिर छाडेर कृषि पेसामा लाग्नुभयो । घरपरिवारको माया र आफनै ठाउँमा केही गरौँ भन्ने सोचले उहाँले बुद्ध एग्रो फार्म खोलेर कृषि पेशा रोजेका मगर कृषि कर्ममा आफू सन्तुष्ट रहेको बताउनुहुन्छ । जागिरभन्दा पनि आफनै गाउँघरमा केही गरौँ भन्ने सोचले आफूले कृषि पेसा रोजेको मगरको भनाइ छ । "जागिरे जीवनभन्दा पनि व्यावसायिक जीवनले सफलता दिलाउँछ भन्ने ठानेर आफनै घरपरिवारसँगै आफनै ठाउँमा काम गर्न शुरू गरेँ, अहिले आफ्नो कामबाट सन्तुष्ट छु", मगरको भनाइ छ ।

उहाँ दुई वर्षअघिदेखि करिब रू ३५ लाख लगानी गरेर कृषि पेसामा संलग्न हुनुभएको हो । उहाँको लगानी बढेर अहिले रू ७० लाख पुगेको छ र आम्दानी पनि बढ्दै छ । शुरूमा डेढ बिघा जमिन भाडामा लिएर तरकारीखेती गर्नुभएका मगरले पाँच महिनापछि लहरे वा अन्य खेतीका लागि थप चार बिघा खेत बढाउनुभएको छ ।

आफूले लगाएको बाली उत्पादन भएर बजारमा बिक्री गर्ने समयमा अहिले भने देशमा लकडाउन भएका कारण समस्या भएको मगरको भनाइ छ । "उत्पादित तरकारी जति बजारमा जान्थ्यो त्यति नगएकाले अहिले चिन्ता बढेको छ", मगरले भन्नुभयो । अहिले करेला, लौका, घिरौँला, भेडे खुर्सानी, काँक्रो, गोलभेँडा लगायतका तरकारी छन् उहाँको बारीमा । यी सबै तरकारी बढी प्रयोग गर्ने होटल लकडाउनले बन्द भएकाले समस्या भएको मगरको भनाइ छ । मगरले सञ्चालन गरेको बुद्ध एग्रो फार्मले सातजनालाई रोजगारीसमेत दिएको छ । ती कर्मचारीले मासिक रू आठदेखि १० हजारसम्म तलब पाउँछन् ।

पढेलेखेको मान्छेले जागिर नै खानुपर्छ भन्ने मान्यतालाई त्यागेर युवा कृषिमा भविष्य खोजिरहेका अर्थशास्त्रमा स्नातकोत्तर गरेका कैलालीको घोडाघोडी नगरपालिका-१ पिपलडाँडाका ३३ वर्षीय युवा रमेश बस्नेतले बङ्गुरपालनबाट मासिक रू एक लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ ।

बङ्गुरपालनमा लागेका बस्नेत नेपाली भूमिमै केही गर्न सकिन्छ र गर्नुपर्छ भन्ने सोच लिएर अघि बढेको बताउनुहुन्छ । जागिर खाए आफूलाई मात्र हुने तर आफैँले कुनै व्यवसाय गरे धेरैले रोजगारी पनि पाउने सोच भएका बस्नेत आफनो देशमा काम गर्न नमान्ने तर परदेशमा गएर जस्तोसुकै काम गर्न तयार हुने युवा पुस्ताका लागि प्रेरणाका पात्रसमेत बन्नुभएको छ ।

"मैले घरका मान्छेको चाहना विपरीत घरमा पालिएको भैँसी बेचेर काम शुरू गर्दा परिवारका सबैजना सदस्य रूष्ट पनि भए तर अहिले घरपरिवारका पाँचजनालाई राम्रो काम मिलेको छ, घरका सबैजना सन्तुष्ट छन्", बस्नेतले भन्नुभयो । आफनो पेसामा इमान्दार भएर मेहनत गरियो भने सफलता पाइँदोरहेछ भन्ने अनुभव सुनाउनुहुन्छ बस्नेत । बङ्गुरपालन बाट वार्षिक रू १३ लाखभन्दा बढीको आम्दानी हुन्छ, त्योभन्दा बढी आत्मसन्तुष्टि आफूसँग केही सिक्नआउने युवाबाट मिलेको बस्नेत बताउनुहुन्छ । विदेश गएरमात्र राम्रो आम्दानी हुन्छ भन्ने छैन । स्वदेशमै बसेर कुनै पेसालाई निरन्तरता दिने हो भने विदेशभन्दा स्वदेशमै कमाइ गर्न सकिन्छ र कुनै पनि काम सानो ठूलो हुँदैन भन्ने सन्देश बस्नेतले दिनुभएको छ ।

घोडा घोडी नगरपालिका- ८ का बलबहादुर सोनाहा गाउँमै आफनो भविष्य खोज्दै सङ्घर्ष गरिरहेका अर्का युवा हुनुहुन्छ । विगत आठ वर्षदेखि सोनाहाले पनि व्यावसायिक रूपमा बङ्गुर पालन गर्दै आउनुभएको छ । शुरूमा सातवटा बङ्गुरबाट व्यवसाय थाल्नुभएका उहाँसँग हाल १२० वटा छन् । "गाउँमै केही गरौँ, कृषि पेशाबाटै आम्दानी गर्न सकिन्छ भन्ने सोच बनाएर यो व्यवसाय सञ्चालन गरेको हुँ", उहाँले भन्नुभयो, "अहिले सोचेअनुरूपको आम्दानी हुन थालेको छ ।"

उहाँले केही समयमै बङ्गुर थप्ने तयारी गर्नुभएको छ । सोनाहाले व्यावसायिकरूपमा बङ्गुरपालन गरेर छोटो समयमै आर्थिक अवस्था सुधारेको उहाँका छिमेकी वसन्त चौधरीले बताउनुभयो । "शुरूमा घर खर्च हामीबाट ऋण लिएर चलाउँथे", उहाँले भन्नुभयो, "अहिले हामीले ऋण माग्नुपर्ने अवस्था छ ।" अल्पसङ्ख्यक जातीय समूहका सोनाहा जातिको कैलाली जिल्लाभर सात परिवारको मात्रै बसोबास छ । बङ्गुरपालन व्यवसाय शुरू गर्नुअघि उहाँको आर्थिक अवस्था निकै दयनीय थियो । "दैनिक छाक टार्न समस्या हुन्थ्यो", सोनाहाले भन्नुभयो । उहाँलाई परिवारको खर्च धान्न गाउँघरकै साहुबाट ऋण लिनुपर्ने अवस्था थियो ।

ऋण पाउन पनि मुस्किल थियो । साहुले पत्याउँदैनथे । यस व्यवसायमा लागेपछि सोनाहाको आर्थिक अवस्था फेरिएको छ । रोजगारीका लागि ठूलो लगानीमा विदेश गएर अर्काको मुलुकमा पसिना बगाउनुभन्दा स्वदेशमै आत्मनिर्भर बन्न सकिने उहाँको धारणा छ । ठूलो लगानी गरेर बिदेसिनुभन्दा सोही खर्चमा मेहनत गरे पर्याप्त आम्दानी गर्न सकिन्छ । थोरै जमिनमा बढी उत्पादन कसरी गर्न सकिन्छ भन्ने सोचेर, यस व्यवसायमा लागेको सोनाहाले बताउनुभयो । उहाँसँग मेसान, पाखेबास, डिउरोक र ल्यान्ड्रेस जातका बङ्गुर छन् ।

कैलालीको घोडाघोडी नगरपालिका-३ का स्थानीय खडक बोगटी र रवि आचार्यले स्थानीय सरस्वती आधारभूत विद्यालयको सात बिघा जमिन भाडामा लिएर माछापालन गरिरहनुभएको छ । उहाँहरूले यसका लागि रू ५७ लाखभन्दा बढी लगानी गर्नुभएको छ । उहाँहरूले त्यस जमिनमा १२ वटा पोखरी निर्माण गर्नुभएको छ र त्यसैमा माछापालन छ ।

अङ्ग्रेजी र स्वास्थ्य विषयमा स्नातकोत्तरसम्मको अध्ययन सकेका उहाँहरूले जागिर खोज्नेतिर नलागी यो पेसा रोज्नुभएको हो । "कृषिमा नै काम गरौँ भन्ने भयो र अन्य व्यवसायभन्दा माछापालनमा फाइदा पनि बढी हुने र यहाँ भएको उत्पादन खपत गर्न पनि धेरै समस्या नहुने भएकाले यो माछापालन व्यवसाय रोजेका हौँ", बोगटीको भनाइ छ । कृषि पेशाबाट राम्रै आम्दानी हुने तथा आफनै समाजमा केही गर्न पनि पाइने भएका कारण यो व्यवसायमा आकर्षित भएको अर्का सञ्चालक आचार्यको भनाइ छ । स्थानीय विद्यालयको जमिन वार्षिक रू दुई लाख ५० हजारमा १५ वर्षका लागि भाडामा लिनुभएका उहाँहरूले कार्प जातका सात किसिमका माछा पाल्नुभएको छ । व्यवसायमा शुरूवाती चरणमा समस्या भए पनि भविष्य राम्रो हुन्छ भन्ने विश्वासका साथ कर्म गरिरहेको बोगटीले बताउनुभयो । कृषि कर्ममा लागेका युवालाई राज्यले आकर्षित गर्न तथा हौसला बढाउन विभिन्न किसिमका अनुदान तथा सहयोग कार्यक्रम ल्याउनुपर्ने आवश्यकता रहेको बोगटीको भनाइ छ । स्थानीय सरकारले केही सहयोग गरेको भए पनि त्यो पर्याप्त नभएको बोगटी बताउनुहुन्छ ।

त्यसैगरी पशुपालनमा रमाउनुभएकी युवती कैलालीको घोडाघोडी नगरपालिका १० की पुष्पा रिजालसँग अहिले पाँचवटा भैँसी र चार गाई छन् । गाउँघरका युवा वैदेशिक रोजगारका लागि विदेश गएका छन् तर रिजालले भने गाई भैँसी पालेर मनग्य आम्दानी गर्नुभएको छ । छोटो समयमा धेरै कमाऊँ भनेर बिदेसिने युवालाई स्वदेशमै केही गर्न सल्लाह दिनुहुन्छ रिजाल ।

"दैनिक ५० लिटरसम्म दूध उत्पादन गरेर बजारमा बिक्री गर्ने गरेको छु", रिजालले भन्नुभयो । उत्पादित दूध बिक्री गरेर मासिक ३० देखि ४० हजार सम्म बचत गर्नुहुन्छ रिजाल । यति आम्दानी गरेर घरमै बस्न पाउँदा उहाँ खुशी हुनुहुन्छ । "मलाई यसैमा सन्तुष्टि मिलेको छ", उहाँ भन्नुहुन्छ । उत्पादित बस्तु बिक्रीका लागि बजारीकरणको समस्या नपरेको उहाँको भनाइ छ ।

गाईभैँसीपालनतर्फ कुनै सङ्घसंस्थाको सहयोग नपाएको र व्यक्तिगत लगानीमै व्यवसाय शुरू गरेको रिजालले बताउनुभयो । राज्यले अनुदान तथा सहयोग गरे अझै धेरै राम्रो गरेर बेरोजगार युवालाई रोजगारी दिनसक्ने रिजाल बताउनुहुन्छ ।

"अहिले मेरो रोजगारीका लागि एक्लै व्यवसाय गरेकी छु तर राज्यबाट केही सहयोग तथा अनुदान पाए यसलाई व्यावसायिक रूपमा ठूलो मात्रामा गर्न सकिन्छ र यही व्यवसाय बढाएर बेरोजगार युवालाई पनि रोजगारी दिन सकिन्छ", रिजाल भन्नुहुन्छ । यसरी पछिल्लो समय कैलालीका युवा कृषि कर्ममा भविष्य खोजिरहेका छन् । उनीहरू आफ्ना काममा सफलता पनि हासिल गरिरहेका छन् । यस्ता सनातिना कृषि व्यवसायलाई सरकारले पनि सक्दो सहयोग गरिदिएमा यसबाट अरू धेरै युवालाई प्रोत्साहन मिल्ने देखिन्छ ।

## कोरोनाबाट विश्वभर ११७ नेपालीको मृत्यु

काठमाडौँ । विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ संक्रमणका कारण शनिबार साँझसम्म मृत्यु हुने नेपाली ११७ पुगेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार यो साता थप २१ नेपालीले कोरोनाका कारण ज्यान गुमाएका छन् । एनआरएनका अनुसार संयुक्त अरब इमिरेट्समा नौ, साउदी अरबमा पाँच, बेलायत र नेपालमा दुईदुई तथा संयुक्त राज्य अमेरिका, कतार र कुवेतमा एकएक नेपालीको यो साता निधन भएको हो । एनआरएन स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार सबैभन्दा बढी बेलायतमा ६५ गैरआवासीय नेपालीको मृत्यु भएको छ । समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार युएइमा १८ नेपालीको निधन भएको छ । त्यस्तै अमेरिकामा कोरोना भाइरसका कारण ज्यान गुमाउनेको संख्या १६ पुगेको छ । यसैगरी साउदी अरबमा सात, नेपालमा तीन तथा कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्डस, बहराइन, स्वीडेन, कतार र कुवेतमा एकएक जनाको मृत्यु भएको एनआरएन, कोभिड -१९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो । मृत्यु हुनेमा ५० देखि ९० वर्ष उमेर समूहमा सबैभन्दा धेरै ५३ प्रतिशतको निधन भएको जनाइएको छ । स्वास्थ्य समितिको तथ्यांकानुसार २३ प्रतिशत ४० देखि ५० वर्ष उमेर समूहका छन् । ४० वर्षभन्दा कम उमेर समूहमा निधन हुने नेपाली १६ प्रतिशत छन् । बाँकी आठ प्रतिशतको उमेर समूह खुलेको छैन । संयोजक डा सापकोटाका अनुसार नेपालसहित विश्वभर १२ हजार ८२१ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित छन् । तीमध्ये मध्यपूर्वमा ७२, अमेरिकामा १३, युरोपमा १० र एशियामा पाँच प्रतिशतमा संक्रमणमा देखिएको छ । अष्ट्रेलियामा एक प्रतिशतभन्दा कम संक्रमण देखिएको छ भने अफ्रिकी मुलुकमा रहेका नेपालीमा कोरोना संक्रमण नदेखिएको संस्थाले जनाएको छ । संक्रमितमध्ये चार हजारभन्दा बढी नेपाली कोरोना भाइरसबाट मुक्त भएको सापकोटाले जानकारी दिनुभयो । अत्यधिक कोरोना प्रभावित देशमध्ये बेलायत र अमेरिकामा गत साताको तुलनामा यो साता संक्रमणको दर निकै कम हुँदै गएको र मध्यपूर्वका देशमा बढ्दै गएको समितिको तथ्यांकले देखाएको छ । स्वास्थ्य समितिका अनुसार कतारमा ६ हजार ९११, अमेरिकामा एक हजार ६ सय, बेलायतमा एक हजार २३०, साउदी अरबमा एक हजार ३६४, नेपालमा ५८५, युएईमा पाँच सय, बहराइनमा ३११, कुवेतमा ८४, मलेसियामा ५५, पोर्चुगलमा ४२, आयरल्याण्डमा २२, स्पेनमा १३, क्यानडामा १८, अष्ट्रेलियामा १२, माल्दिभ्समा १६, जापानमा १०, बेल्जियममा ६, स्विट्जरल्याण्डमा पाँच, जर्मनी र फिनल्याण्डमा चारचार, साइप्रस र न्युजिल्याण्डमा तीनतीन, माल्टा, हङ्कङ्ग, पोल्याण्ड र रुसमा दुईदुई तथा म्यानमा, रोमानिया र फ्रान्समा एक नेपालीलाई कोरोना संक्रमण भएको छ । यो साता रुस, रोमानिया र भारतका नेपालीमा नयाँ संक्रमण देखिएको हो । चीनबाट शुरु भएको कोरोना भाइरसविरुद्ध लड्न एनआरएनएले अध्यक्ष कुमार पन्तका संयोजकत्वमा एक उच्चस्तरीय समिति गठन गरेको थियो । संस्थाले स्वास्थ्य, आर्थिक, विद्यार्थी, श्रमिक, महिलालगायत उपसमिति गठन गरी विश्वव्यापी रूपमा आफ्नो सञ्जाललाई कोरोना पीडितका लागि राहत वितरण गर्न परिचालन गरेको संघका महासचिव डा हेमराज शर्माले जानकारी दिनुभयो । डा शर्माका अनुसार कोरोना पीडितका लागि राहत वितरण गर्न ४९ देशमा दुई हजारभन्दा बढी स्वयंसेवक खटाइएको छ । संस्थाले शनिबार साँझसम्म ४० हजाभन्दा बढी गैरआवासीय नेपालीलाई राहत वितरण गरेको छ भने संस्थाबाट ६२ हजारभन्दा बढीले परामर्शसेवा प्राप्त गरेका छन् ।


## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**



**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

**विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस(covid(१९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा 'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघसंस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरि दिनु हुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरवार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता : १९६०००००११०१**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# नेपाल-बंगलादेश बैंकद्वारा सहयोग रकम हस्तान्तरण

नेपाल बंगलादेश बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत केन्द्रिय



सरकार र संघीय प्रदेश सरकारको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा एक करोड ४५ लाख रुपैयाँको चेक हस्तान्तरण गरेको हो । बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रभुषण श्रेष्ठले उक्त चेक प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव नारायणप्रसाद बिडारीलाई हस्तान्तरण गरेका छन् ।

यसका साथै बैंकले सातै वटा प्रदेशका प्रदेश सरकारको उक्त कोषमा ५ लाख रुपैयाँका दरले हस्तान्तरण गरेको जनाएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै आएको जनाएको छ ।

# वैदेशिक सहायता झण्डै ९ प्रतिशतले कमि

नेपाल सरकारले प्राप्त गर्ने वैदेशिक सहायता झण्डै ९ प्रतिशतले घटेको छ । अर्थ मन्त्रालयको अनुसार चालू आर्थिक वर्षको चैत महिनासम्म विकास साझेदारहरुबाट प्राप्त वैदेशिक सहायता अघिल्लो आर्थिक वर्षको तुलनामा ८.९ प्रतिशतले घटेको हो । विभिन्न विकास साझेदारहरुबाट चालू आर्थिक




वर्षको चैत महिनासम्म १ खर्ब १८ अर्ब ८१ करोड बराबरको सहयोग प्राप्त भएको छ । जसमध्ये ऋण सहायता १ खर्ब २ खर्ब ६२ करोड र अनुदान सहायता १६ अर्ब १९ करोड रहेको छ । चालू आर्थिक वर्षका पहिलो ९ महिनामा वैदेशिक सहायता प्रतिवद्धतामा ऋण ८६.४ प्रतिशत र अनुदान १३.६ प्रतिशत रहेको अर्थ मन्त्रालयले जनाएको छ । वैदेशिक सहायतामा ऋणको अंश बढेको छ भने अनुदानको घटेको छ । गत आर्थिक वर्षको सोह अवधिमा वैदेशिक सहायतामा ऋण ८७.४१ प्रतिशत र अनुदान १२.५९ प्रतिशत रहेको थियो । चालू वर्षको चैत्र महिनामा सरकारले प्राप्त गरेको ऋणको अंश गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.५ प्रतिशतले घटेर ३३ अर्ब ६६ करोड पुगेको छ भने अनुदानको अंश ५.१ प्रतिशतले घटेर १५ अर्ब ५४ करोड पुगेको छ । गत आर्थिक वर्षको सोहि अवधिमा ऋण र अनुदानको अंश क्रमशः ३७ अर्ब ६१ करोड र १६ अर्ब ३८ करोड प्राप्त भएको थियो । यस्तै, चैतसम्म सरकारले तिर्न बाँकी खुद सार्वजनिक ऋण ११ खर्ब ९५ अर्ब ६० करोड पुगेको छ । यसमध्ये आन्तरिक ऋण ४ खर्ब ८१ अर्ब ५२ करोड र वैदशिक ऋण ७ खर्ब १४ अर्ब ७ करोड रहेको छ । यस अवधिमा सरकारले आन्तरिक ऋण तर्फ २६ अर्ब ५५ करोड बराबराको साँवा भुक्तानी र १४ अर्ब ४९ करोड बराबरको व्याज भुक्तानी गरेको छ । त्यसैगरी बाह्य ऋणतर्फ १२ अर्ब ९८ करोड र व्याज २ अर्ब ८० करोड भुक्तानी गरेको छ ।

# निक्षेप लिएकै स्थानमा कर्जा लगानी गर्न बैंकर्सहरुको सुझाव

व्यवस्थापिका संसदको अर्थ समितिले बैंकहरुले देशभरीबाट निक्षेप संकलन गरेर सहरमा कर्जा प्रदान गर्ने शैलीलाई तोड्ने व्यवस्था आगामी बजेट मार्फत गर्न सुझाएको छ । समितिले जहाँको निक्षेप त्यही क्षेमा निश्चित प्रतिशत लगानी गर्नु पर्ने व्यवस्था गर्न सुझाव दिएको हो ।

समितिले बैंकरहरुसँग छलफल गरेर आगामी बजेटले सम्बोधन गर्नु पर्ने सुझाव दिँदै व्याज आम्दानीमा लाग्ने १५ प्रतिशतको कर समेत हटाउन सुझाव दिएको छ । समितिले आगामी आर्थिक वर्षको बजेटले बैंकका निक्षेपकर्तालाई पनि ध्यान दिनु पर्ने भन्दै व्याजमा लाग्ने करमा समेत छुट दिने व्यवस्था गर्न सुझाएको हो । बैंकहरुले ऋणीलाई मात्र व्याजमा छुट दिने तथा कर्जा भुक्तानी अवधि थप गरीरहँदा निक्षेपकर्तालाई अन्याय गर्न नहुने सुझाव दिएको हो । आगामी आर्थिक वर्षको बजेटले बैंकिङ क्षेत्रलाई सम्बोधन गर्दा बैंकका ऋणीलाई मात्र नभइ ऋणीका ग्राहकसम्म पुग्ने गरी छुट दिने पर्ने सुझाव दिएको छ । बैंकिङ क्षेत्रलाई सम्बोधन गर्दा कोरोना भाइरसका कारण क्षति हुने प्रभावितलाई बेस रेटमा कर्जा दिने, साना तथा माझौला उद्यमीहरुलाई सहुलियत दरमा कर्जा प्रदान गर्ने तथा मूल्यवृद्धि २ देखि ३ प्रतिशतसम्म धेरै व्याजदर कर्जाको हुनु पर्ने व्यवस्था गर्न सुझाएको छ । आगामी दिन डिजिटल बैंकिङलाई जोड दिनु पर्ने, कृषि क्षेत्रको लगानी बढाउनु पर्ने, कृषि क्षेत्रमा विशेष खालको प्याकेज ल्याउने र साना तथा मझौला उद्योगलाई राहतमा प्राथमिकता दिनु पर्ने समितिले सुझाएको छ ।

समितिले बेसरेट घटाएर कर्जादर पनि घटाउन, नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार २ प्रतिशत व्याजदर घटाउन भनिएको नोक्सानी भएका संस्थालाई बेसरेटमा दिने तर नोक्सान नभएकालाई घटाउन नहुने समेत सुझाव दिएको छ । त्यसैगरि केन्द्र, प्रदेश, जिल्ला र स्थानीय संयन्त्र बनाएर त्यसवाट कर्जा प्रवाह गर्दा के के मा समस्या छन् र के कस्ता क्षेत्रमा लगानी गर्न सकिन्छ भन्ने बारेमा पनि अध्ययन गर्नुपर्ने बैंकर्सहरुको सुझाव छ ।

# ज्योति विकास बैंकको एचएफएनसँग सहकार्य

कोरोना विरुद्धको लडाइमा ज्योति विकास बैंकले हेल्थ फाउण्डेसन नेपाल ( एचएफएन) सँग बुधबार २ लाख रुपैयाँ बराबरको आर्थिक सहायतासहितको सहकार्य गर्ने सहमति गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत हाम्रो विकास प्रवर्द्धन कोषमार्फत एचएफएनलाई कोरोना विरुद्धको लडाइमा संस्थाको एन-९५ युभिजिआईडी कन्ट्यामिनेसन प्रोजेक्टका लागि सहयोग गरेको बैकले जनाएको छ । एचएफएनको एन-९५ डिकन्ट्यामिनेसन प्रोजेक्ट अन्तर्गतको

ज्योति विकास बैंक लि
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था"

युभिजिआई प्रविधिले वर्तमान समयममा स्वास्थ्यकर्मीले प्रयोग गर्ने एन-९५ मास्क र पीपीईलाई पुनः प्रयोग गर्न मिल्ने गरि जीवाणुरहित बनाउने बैकले जनाएको छ । सो प्रविधिअन्तर्गत प्राविधिक रुपमा उपयुक्त डिकन्ट्यामिनेसन तरिका अपनाइएमा अल्ट्राभाइलेट प्रकाशको प्रयोगले एउटै एन-९५ मास्कलाई पनि कम्तिमा ५ पटकसम्म सुरक्षित तरिकाले पुनः प्रयोग गर्न मिल्ने तथ्यहरुले देखाएको भन्दै बैंकले स्वास्थ्यकर्मीको प्रयोगका लागि अत्यावश्यक एन-९५ मास्क र पीपीईको सजिलो पूर्तिका लागि यो प्रविधिले उल्लेखनीय योगदान पुऱ्याउने दावी गरेको छ ।

एचएफएनले पहिलो चरणमा नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मनमोहन कार्डियो थोरासिस भास्कुलर एण्ड ट्रान्सप्लाण्ट सेण्टरसँगको सहकार्यमा देशभरका विभिन्न २८ वटा अस्पतालमा सो प्रविधि स्थापना गर्ने बताइएको छ । डिजिटल वेबिनारमार्फत भएको उक्त सहकार्य सम्झौतामा ज्योति विकास बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत पारसराज कँडेल तथा एचएफएनका कार्यकारी निर्देशक मदनराज भट्टले हस्ताक्षर गरेका थिए ।

# सहकारी कर्जा सूचना केन्द र सुरक्षण कोषको कार्यविधि बन्यो

सहकारी महासंघले सहकारी कर्जा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोषकको कार्यविधि तयार गरेको छ । सहकारी ऐनको व्यवस्था अनुसार सूचना केन्द्र र कोष संचालन गर्नका लागि महासंघले कार्यविधिको मस्यौदा तयार गरेको हो । कार्यविधिमा ऐनको प्रावधान अनुसार विशिष्टकृत संघको ढाचामा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोषको स्थापना हुनेछ । महासंघ व्यवस्थापनबाट तयार भएको कार्यविधिलाई सञ्चालक सदस्यहरूको सुझावको आधारमा परिमार्जन गरी मन्त्रालयमा पेश गर्ने निर्णय भएको छ ।

महासंघको बैठकले सहकारी ऐन अनुरूप स्थापना हुने कर्जा सूचना केन्द्र र सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापनाको आधार, सदस्यता, पुँजी संरचना, सांगठनिक ढाचा लगायतका व्यवस्थाहरू मन्त्रालयले स्वीकृत गरेबमोजिम हुने भएकोले महासंघले यस भन्दा अगावै उक्त केन्द्र र कोष स्थापनाका लागि




सरोकारवाला निकायहरूसँग छलफल गरी विनियमको मस्यौदा तयार गरेको थियो । बैठकले नेपाल सरकारले स्थापना गरेको कोरोनाभाइरस रोकथाम, उपचार तथा नियन्त्रण कोषमा योगदान गर्ने निर्णय गरेको छ । त्यसका लागि विभिन्न सहकारी संघ संस्थाबाट हालसम्म १२ लाख भन्दाबढी जम्मा भइरहेकोमा सो रकममा महासंघबाट थप गरी नेपाल सरकारको कोषमा सहकारी अभियानको तर्फबाट एकमुष्ठ योगदान गर्ने निर्णय गरेको हो । साथै, बैठकले विश्वभर फैलिएको कोरोना भाइरसको यस विषम परिस्थितिमा सहकारी क्षेत्रमा देखिएका चुनौती र अवसरका विषयमा समेत छलफल गरी त्यसको समाधानका लागि तत्काल पहलकदमी गर्ने निर्णय भएको महासंघका अध्यक्ष मीनराज कँडेलले बताए । बैठकले सहकारी अभियानले गरेको योगदानको तथ्यांकलाई वैज्ञानिक रूपमा अभिलेखिकरण गरी सम्बन्धी निकायहरूमा पेश गर्ने समेत निर्णय गरेको छ । लकडाउनको समयमा सदस्य तथा किसानको उत्पादन संकलन गरी बजारीकरण गर्ने कार्यमा सहकारीले उल्लेखनिय योगदान गरेको, स्थानीय, प्रदेश र केन्द्र सरकारको कोरोना नियन्त्रण, उपचार र रोकथाम कोषमा सहयोग गरेको विषयमा समेत छलफल थियो । कोभिड १९ का कारण महासंघले यस आर्थिक बर्षमा आयोजना गर्ने भनेका करिब एक दर्जनबढी कार्यक्रम स्थगित गर्ने निणर्ण गरेको छ । बैठकले बचत तथा ऋणको सन्दर्भ ब्याजदर पुनरावलोकनका महासंघले नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम पाठक र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष परितोष पौड्याललाई केन्द्रीय विषयगत संघहरूबाट प्रतिनिधित्व गराउने निर्णयलाई अनुमोदन गरेको छ ।

यता कोरोना भाइरसको जोखिम कम गर्न बागलुङ बजारमा सञ्चालित सहकारी संस्थाहरुले आलोपालो गरी सेवा प्रवाह गर्ने भएका छन् । जिल्ला सहकारी संघ बागलुङले बजारभित्र खरहेका ६९ भन्दा बढी सहकारीलाई हप्तामा २ दिन सेवा प्रवाह गर्न समय तालिका निर्धारण गरिदिएको छ ।

संघले बागलुङ बजार क्षेत्रका ६९ वटा सहकारीलाई हप्तामा २ दिन सेवा प्रवाह गर्न र सहकारी बैंकसहित ९ वटा सहकारी संघहरुले दैनिक सेवा प्रवाह गर्न निर्देशन जारी गरेको जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष दिपक गौतमले बताए । गौतमका अनुसार आइतबार र बुधबार २२, सोमबार र बिहिबार २१ र मंगलबार र शुक्रबार २८ वटा सहकारीले सेवा प्रवाह गर्ने छन् । यस्तै अत्यावश्यक सेवाका लागि मंगलबार र शुक्रबार सेवा प्रवाह गर्न संघले आग्रह गरेको छ । राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ, जिल्ला दुग्ध उत्पादक सहकारी संघ, जिल्ला सूचना तथा सञ्चार सहकारी संघ, जिल्ला बहुउद्देश्यीय सहकारी संघ, जिल्ला फलफूल तथा तरकारी उत्पादक सहकारी संघ, जिल्ला स्वास्थ्य सहकारी संघ र जिल्ला कृषि सहकारी संघ लिमिटेड हप्ताको ६ दिननै खुल्ने छन् । उनले सहकारी संस्थाहरुको समन्वयका लागि सहकारी बैंक र सहकारी संघलाई हप्ताभर नै खुलाउने निर्णय बताए । सहकारी संघको निणर्यसँगै सदरमुकाम बागलुङ बजारमा सञ्चालित सहकारी संस्थाहरुले बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म सेवा प्रवाह गर्नेछन् । यस्तौ जिल्ला सहकारी संघ र सहकारी बैंकले भने १० बजेदेखि ४ बजेसम्म नै सेवा प्रवाह गर्ने छन् । जिल्लास्थित सबै सहकारीहरु एकसाथ खुल्दा भीडभाड हुने र कोरोना संक्रमणको जोखिम बढ्ने देखिएकाले आलोपालो गरेर सहकारीहरु खोल्ने निर्णय गरिएको संघले जनाएको छ ।

## बैकिङ्ग संसार

# अर्थतन्त्र उकास्न १६० अर्बको संकटकालिन सहयोग घोषणा

विश्व बैंकले कोरोनाभाइरस (कोभिड-१९) को महामारीले विश्वको अर्थतन्त्रमा गम्भीर समस्या परेको भन्दै सहयोगको घोषणा गरेको छ । बैंकले संकटकालीन सहयोगको घोषणा गर्दै अर्थतन्त्रमा परेको असरले विश्वका थप ६ करोड मानिसहरू चरम गरिबीमा धकेलिने बताएको छ । विश्व बैंकका अध्यक्ष डेभिड मालपासले बुधबार वक्तव्य जारी गर्दै कोरोनाका कारण गम्भीर रूपमा प्रभावित भएका विश्वका १०० मुलुकका लागि नयाँ संकटकालीन सहयोगको घोषणा गरेका हुन् । "कोभिड-१९ महामारीले हालसम्मका प्रगतिहरू खेर जान लागेको र यसबाट संसारभरका ६ करोड मानिस गरिबीमा धकेलिनसक्ने अवस्था आएको छ," उनले भनेका छन्, "बैंकले यी विकासशील देशहरूलाई आगामी १५ महिनाभित्र १ खर्ब ६० अर्ब अमेरिकी डलर अनुदान र आर्थिक सहयोग उपलब्ध गराउने छ ।" मालपासले विश्वका ७० प्रतिशत जनसंख्या लाभान्वित हुनेगरी एक सय देशमा यो रकम उपलब्ध गराइरहेको बताए । उनका अनुसार आकस्मिक सहायता कार्यक्रममा रूपमा ति देशहरूमा थप अनुदान तथा कम ब्याजदरको ऋण सहयोग दिने पाउने छन् । गत मार्चदेखि परिचालन गर्न थालिएको यो सहयोगले विकासशील देशहरूले




गरिब र जोखिममा रहका वर्गको रक्षा, स्वास्थ्य प्रणालीलाई सुदृढीकरण गर्न, निजी क्षेत्रको अवस्था कायम राख्न र आर्थिक सुधारमा सहयोग पुयाउने बैंकले जनाएको छ । यो सहयोग विश्व बैंक समूहको इतिहासको सबैभन्दा ठूलो सहायता प्याकेज हो ।

कुल परियोजनाहरू मध्ये करिब एक तिहाई अफगानिस्तान, चाड, हैटी, र नाइजेरिया लगायत कमजोर र द्वन्द्व प्रभावित मुलुकमा केन्द्रित रहेको बैंकले जनाएको छ ।मालपासले विश्व बैंकको आकस्मिक सहायता कार्यक्रमले मात्र पर्याप्त नहुने भन्दै यसमा अन्य दाताहरूलाई पनि जोडिन आग्रह समेत गरेका छन् । उनले यस कार्यक्रमको तीव्र बिस्तारका लागि सहवित्तीयकरण तथा दाताहरूबीच सहकार्य समेत गर्न सकिने मेकानिज्म तयार पारेको जानकारी दिए । यी कार्यक्रमहरूलाई जति चाँडो र तीव्र गतिमा बिस्तार गर्न सक्यो त्यसबाट बढी भन्दा बढी देशहरूले लाभ लिन सक्ने उनको भनाइ छ ।कोरोना महामारीको सुरुवातदेखि नै विश्व बैंक समूहले विकासशील देशहरूप्रति चासो देखाएको भन्दै मालपासले सबैभन्दा कमजोर मुलुकहरूमा नगद वा ऋण भुक्तानीमा सहायता दिने तथा आर्थिक सुधारका लागि सघाउन सुरु गरिसकेको जानकारी दिए ।

उनले हालको अवस्थामा वित्तीय सहायताका दायरा निकै फराकिलो पार्न विश्व बैंकले चाहेको भन्दै स्वास्थ्य संकटका लगि प्रत्यक्ष सहायता तथा साना स्तरका ब्यवसायका लागि पुँजी, प्राविधिक सहयोग तथा गरिब देशहरूमा ऋण सहायता कार्यक्रम जारी नै राखेको बताए । "विकसित देशहरूले सुरक्षित रूपमा अर्थतन्त्रलाई विस्तारै पुनः संचालनमा ल्याउन सके विकासशील देशहरूको अर्थतन्त्रमा पनि यसले सकारात्मक सुधार ल्याउन सक्छ उनले भनेका छन् यसबाट रेमिट्यान्स, पर्यटन तथा वित्त ब्यापारको क्षेत्रमा हाल भइरहेको अधिक नोक्सानीलाई केही हदसम्म कम गर्न सकिने छ ।" स्टेटमेन्ट मार्फत उनले आईएमएफसँग मिलेर गरेको गरिब मुलुकहरूलाई दिएको ऋण रकम भुक्तानी हालको लागि स्थगित गर्ने काम जी ट्वेन्टी राष्ट्रहरूले गरेको सहयोगका कारण यो सम्भव भएको स्पष्ट पारेका छन् ।बस

निजी क्षेत्रलाई सहयोग गर्नका लागि विश्व बैंकअन्तर्गत आइएफसी र एमआइजिएमार्फत अर्बौं डलर फास्ट ट्र्याकबाट परिचालन गरिएको पनि जानकारी दिदै उनले भ्रष्टाचार निवारणमा तथा पारदर्शिताको क्षेत्रमा उपलब्धिमूलक काम हुने गरी विश्व बैंकले सहयोग उपलब्ध गराएको बताए । अहिले कोरोना भाइरसको संक्रमण विश्वका धनी गरिब सबैजसो मुलुकमा पुगिसकेको छ ।

# कम्युनिष्ट भनेको के ?



कृष्ण बोगटी काका
चक्रबहिल- १२
बालकुमारी, ललितपुर

नेपालमा कति कम्युनीष्ट छन भन्ने कुरा कसैलाई पनी थाहा छैन जस्तो लाग्छ । कम्युनिष्टहरु व्यवहारले हुनुपर्ने हो तर यहाँ कसैको पनी व्यवहार देखिदैन । कम्युनिष्ट भनेको निर्दोष गरिब शोसीत पिडितको पक्ष लिने हुनुपर्ने हो यहाँ त पैसा शक्ति हुनेहरु सँग मात्र साँठगाँठ गरेको देखिन्छ। आफ्नो छोराको हत्यारालाई कार्वाही गरी पाउँ भनी न्यायको लागी अनशन बस्ने नन्द प्रसाद अधिकारीलाई करोड माग्यो भन्दै आरोप लगाइयो गरिबको पक्षलिई भ्रष्टाचारी विरुद्ध अनसन बसेका डाक्टर गोविन्द केसीलाई दिनभरी अनशनको नाटक गर्ने राती पेट भर्ने जस्ता झुटो अरोप लगाइयो त्यसता ब्यक्ति कदापी कम्युनिष्ट हुन सक्दैनन सत्यको पक्ष लिनेहरु धेरै हुन्छन् ढिलो चाडो सुनुवाई हुन्छ तर गंगामाया अधिकारी के नेपालको नागरिक हैनन किन सौतेनी ब्यवहार गरेको यहाँ न्याय पाउन पैसा चाहिन्छ कि त ठूलो पार्टीको नेताको सोर्सफोर्स चाहिन्छ ।

घरबार विहिन गरिब निर्दोषि ले कहिल्यै न्याय पाउदैन नन्द प्रसाद अधिकारीको छोरा नुरप्रसाद अधिकारी संग मेरो भेट भएको थियो । उसले भन्यो न्याय माग्न नेपाल राष्ट्रिय मानव अधिकार आयोग गई गौरी प्रधानलाई भन्छु अनि न्याय पाइन्छ भन्यो त्यसबेला नुर प्रसादलाई मैले भने गौरीले डलर नआउने काम गर्दैन तिमी जान बेकार छ गौरी प्रधानले त खाली नाफा हुन्छ की हुदैन भनेर हेरी रहेको हुन्छ, आफुलाई फाइदा नहुने काम गर्दैन भनेको कुरा अहिले नुरप्रसाद अधिकारीले राम्रोसंग बुझेकै होला मैले त गौरी प्रधान ले सडक बच्चाबच्चीलाई आएको सहयोग सबै आफै खायो मेडियामा गइ भण्डाफोर गर्छु मात्र के भने थे पैसा शक्ति सबै प्रयोग गरी म जस्तो घरबार विहिन परिवार पाल्दै दुखी गरिब समेतलाई केही सहयोग गर्दै आइरहेकोलाई त झुटो आरोप लगाई फसाई दियो उसले आफुले गरेको भ्रष्टाचार लुकाउन आफ्नै घरको बच्चीलाई प्रलोभनमा पारी मिसलाई सबै षडयन्त्र गर्न लगाई फसाईदियो मैले त्यसबेला धेरै संघसंस्था मिडिया लगायत राष्ट्रिय मानव अधिकार आयोगमा पनी पटक पटक धेरै पत्र लेखी सत्यकुरा पत्ता लगाई पाउन भनी पत्र पठाय त्यहाँ गौरी आफै भएकोले केही भएन विनाकसुर जेल बस्नु पऱ्यो केही छैन अब कुनैपनी भ्रष्टाचारीले आफुले गरेको गल्ती गरिब निमुखालाई लगाई फसाउन नसकोस नेपालमा राष्ट्र हाक्न सक्ने कोही छैन भन्ने कुरा प्रधानन्यायासिध खिलराज रेग्मलिार्य राष्ट्र प्रमुख भई देशलाई निकास दिन भनी राष्ट्र सुम्पनु ले नै नेपालमा राष्ट्र हाक्न सक्ने क्षमता भएको नेता छैनन भन्ने प्रष्ट हुन्छ नाम चाही खाली गरिब निमुखा भन्ने तर आफ्नै सहयोगीलाई मात्र हेर्ने कस्ता खाले नेता हुन जनता आफैले निर्णय गर्नु पर्छ ।

# समाजवादी- राजपा एकता किन जटिल ?

कुलचन्द्र न्यौपाने

काठमाडौँ । समाजवादीका अध्यक्ष उपेन्द्र यादव र राजपा अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोबीचको मुख्य टकराबका कारण महन्थ ठाकुरको नेतृत्वमा पार्टी दर्ता गराउने अनौपचारिक समझदारी कार्यान्वयन हुनेमा नेताहरूले आशंका व्यक्त गरेका छन् ।

पार्टी एकता मुख्य नेताहरूको व्यवस्थापन मात्रै हो कि, विचार, नीति र सिद्धान्तको पनि ? संघीय समाजवादी र राजपा एकीकरणपछि बन्ने भनिएको जनता समाजवादी पार्टीभित्र अहिले चलिरहेको रस्साकसी हेर्दा लाग्छ- आधा दर्जन नेताको व्यवस्थापन मिल्न सके एकीकरण टुंगोमा पुग्छ, नत्र सिद्धान्त र विचार मिले पनि दुई पार्टी एक हुन सक्दैनन् ।

एकता घोषणाको एक महिना बित्दा जनता समाजवादीमा विचारभन्दा नेताको विषय पेचिलो बनेको छ । नेता व्यवस्थापनको कुरा नमिलाई हतारमा एकता घोषणा भएकाले यस्तो समस्या बनेको नेताहरूको बुझाइ छ । 'नेताहरूको व्यवस्थापनको समस्या नरहेको भए एकता डेढ वर्षअघि नै भइसक्थ्यो,' राजपाका एक पदाधिकारी भन्छन, 'उपेन्द्रजीको पार्टी विभाजन हुन लागेपछि सबै कुरा थाती राखेर उहाँलाई जीवनदान दिइएको हो । जुन मुद्दा डेढ वर्षदेखि मिलेको थिएन, अहिले त्यसैले समस्या पारेको छ ।'

राजपाको बबरमहलस्थित कार्यालयमा बिहीबार बसेको बैठकमा वरिष्ठ नेता महन्थ ठाकुरलाई कार्यकारी प्रमुख बनाएर निर्वाचन आयोगमा पार्टी दर्ता गराउने एक खालको समझदारी बने पनि अन्य नेताको व्यवस्थापन कसरी गर्ने भन्ने टुंगो लाग्न सकेन । समाजवादी पार्टीबाटै ठाकुरलाई कार्यकारी बनाउने प्रस्ताव आएकाले आफूहरूले स्वीकार गरेको राजपा नेताहरूको दाबी छ ।

'वैशाख ३१ गते तीनकुनेमा बसेको बैठकमा केन्द्रीय समिति, कार्यकारिणी र राजनीतिक समितिको नेतृत्व छाड्दिन भनेका यादवले बिहीबार एकाएक महन्थ ठाकुरलाई कार्यकारी प्रमुख बनाएर पार्टी दर्ता गराउने प्रस्ताव ल्याउँदा हामी नै छक्क पर्यौं,' बैठकमा सहभागी एक नेताले भने, 'मनमा अझै उहाँ आफैं हुने भन्ने होला । त्यसखालको प्रयत्न गर्न सकिन्छ कि भनेर पनि होला, पार्टीभित्र छलफल गरेर मात्रै औपचारिक सहमति गर्ने भन्नुभएको छ ।' समाजवादीका सांसद हरिनारायण रौनियारको तीनकुनेस्थित निवासमा वैशाख ३१ गते बुधबार बसेको बैठकमा तीनवटै समितिको अध्यक्ष आफैं हुने, नभए पार्टी एकता नहुने भनी राजपा नेता राजेन्द्र महतोलाई हकारेका यादवले एकाएक 'यूटर्न' कसरी लिए ? दुवै पार्टीका दोस्रो तहका नेताहरूका अनुसार हतारमा पार्टी एक गराइदिने शक्तिले मिलाइदिने भूमिका निर्वाह गर्यो । उनीहरूको संकेत लैनचौरतर्फ थियो । 'नेताहरुबीच धेरै टकराब छ, अहिल्यैदेखि खट्टा तान्ने र आफूमाथि पुग्ने दाउपेच पनि चलेकै छ, यति हुँदाहुँदै पनि पार्टी मिल्ने कुरामा हामी ढुक्कजस्तै छौं,' दोस्रो तहका ती नेताहरूको एउटै सार थियो, 'नेताहरु आफैं मिलेनन् भने मिलाउने शक्ति पनि छ । पार्टी एकताका कुरालाई धेरै सतहमा नल्याउन हामीमाथि पनि दबाब छ ।'

उपेन्द्र भर्सेज राजेन्द्र

जनता समाजवादीको मुख्य टकराब समाजवादीका अध्यक्ष उपेन्द्र र राजपाका अध्यक्ष मण्डलका राजेन्द्र महतोबीच छ । यी दुई नेताबीच हार्दिकताभन्दा बढी इगो छ । बुधबारको बैठक यी दुई नेताको मुख्य टकराबकै कारण भाँडिएको थियो । त्यसपछि अवरूद्ध बनेको बैठक बिहीबार बसेको हो । वरिष्ठ नेता ठाकुरलाई सेरेमोनियल अर्थात् पार्टीको निर्देशन समितिको सभापति, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलाई संघीय परिषद्को सभापति बनाएर उपेन्द्र केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी र राजनीतिक समितिको अध्यक्ष हुने दाउमा थिए । तर, महतो मान्न तयार भएनन् । ठाकुरलाई सेरोमोनियल बनाउन तयार भए पनि कार्यकारिणी अधिकार बिनाको भूमिका आफूलाई मान्य नहुने तर्क महतोको थियो ।

केन्द्रीय समिति र राजनीतिक समिति यादवलाई दिएर महतो कार्यकारिणी (पदाधिकारी) समितिको नेतृत्वमा आउन चाहेका थिए । यादवलाई पार्टीको शक्तिशाली कार्यकारी प्रमुख बनाएर त्यस तलको सहअध्यक्ष वा वरिष्ठ नेतामा आफू खुम्चिन उनी तयार थिएनन् । अधिकारसहितको कार्यकारिणी तहको कुनै एक पदमा आफू रहनुपर्ने अडानमा उनी रहिरहेकै बेला ठाकुरलाई शक्तिशाली अध्यक्ष बनाएर जाने प्रस्ताव आएपछि जनता समाजवादी पार्टीमा नयाँ खालको तरंग खडा गरेको छ । यस्तो प्रस्तावले महतो र उनीपक्षीय नेताहरूको मुख थुनिएको छ भने यादवनिकट नेताहरु असन्तुष्ट छन् । उपेन्द्रनिकट केन्द्रीय सदस्य योगेन्द्र यादव अहिले बाहिर आएजस्तै ठाकुरलाई अधिकार सम्पन्न कार्यकारी अध्यक्ष बनाएर पार्टी नचल्ने बताउँछन् । ठाकुरलाई मानार्थ पद दिएर उपेन्द्रलाई कार्यकारी अध्यक्ष नबनाउँदा मधेसले त्यस्तै पार्टीको अपनत्व गर्न नसक्ने दाबी उनको छ । 'ठाकुर संसदीय राजनीतिको लिगेसीबाट आएका हुन् भने उपेन्द्र क्रान्तिकारी विचारधारबाट, मास लिडर पनि हुन् उनी,' यादवले भने, 'कार्यकारीबिनाको उपेन्द्र हुने कुरा टाउको माने पनि मधेसको भूगोल र सतह मान्दैन, यसले पार्टीलाई अघि बढाउँदैन ।' यादव र महतोको टकराबको बीचमा ठाकुरको नाम नेतृत्वमा आए पनि समाजवादीका दोस्रो र त्यस तलका नेता तथा कार्यकर्ताले सहजै मान्ने देखिन्न । उमेर र स्वभावका हिसाबले पनि ठाकुरले पार्टीको नेतृत्वमा रहेर खट्न कठिनाइ हुने दाबी दुवै पक्षका अधिकांश नेताहरूको छ । त्यसमा मधेसमा जनाधार भएका मुख्य दुई पात्र उपेन्द्र र राजेन्द्रबीचको एकता हुनुपर्ने उनीहरूको जोड छ ।

उपेन्द्र आफूलाई मधेस आन्दोलनको मसिहा ठान्छन् । आन्दोलनबाट उदाएका यादव मधेसले पछिल्लो पटक पाएको राजनीतिक उपलब्धिका पछि आफनो भूमिका रहेको बताउँछन् । महतो मधेसमा रहेको पुरानो दल सद्भावनाको विरासतबाट उचाइ लिएका नेता हुन् । कार्यकर्तादेखि संघर्ष गर्दै आएका महतोले पनि पछिल्लो परिवर्तनमा आफ्नो भूमिकालाई तल पार्न चाहन्नन् । मधेसको जनसांख्यिक हिसाबले पनि यादव र महतोबीचको प्रतिस्पर्धा देखिन्छ । २ नम्बर प्रदेशमा करिब १४ प्रतिशत पकड रहेको यादव समुदायभित्र यादवको प्रभाव गहिरो छ ।

महतोको प्रभाव वैश्य समुदायभित्र छ । यो समुदायको जनसंख्या पनि यादवको भन्दा कम छैन । मधेस विश्लेषक तुलानारायण साहका अनुसार राजनीतिक, सामाजिक आन्दोलन, जनाधारको प्रभाव र समकालीन आधारले पनि दुई नेताबीचको प्रतिस्पर्धाले जनता समाजवादी पार्टी कसरी अघि बढ्छ भन्ने निर्धारण हुने बताउँछन् । 'आज मात्रै होइन, यी दुई नेता सक्रिय राजनीतिमा रहुञ्जेल प्रतिस्पर्धा र टकराब हुन्छ, जुन हिजोदेखि हुँदै आएको थियो,' साह भन्छन्, 'तत्कालीन संकट आएर एक भएका हुन् । यी दुई नेतालाई मिलाएर पार्टी एक बनाइराख्न सजिलो छैन किनकि यी दल प्रक्रिया र पद्धतिबाट भन्दा इगोबाट अघि बढ्दै आएका छन् ।' महतो समाजवादी पार्टीभित्रै कमजोर बन्दै गएका कारण आफनो भूमिकालाई अघि बढाउने सोचमा छन् । औपचारिक रूपमा पार्टी विभाजन नभए पनि मानसिक रूपमा समाजवादी पार्टी अझै विभाजनको संघारमा रहेको बुझाइ महतो र उनीपक्षीय नेताहरूको छ । 'उपेन्द्रको गलामा पासो लागकै बेला आफूले कार्यकारी पद लिनुपर्छ भन्ने मान्यता महतोमा देखिन्छ,' समाजवादीका एक पदाधिकारी भन्छन्, 'राजेन्द्रको महत्त्वाकांक्षालाई पूरा हुन दिने पक्षमा समाजवादी पार्टी जान सक्दैन ।' त्यसो भए के त ? उनी भन्छन, 'कार्यकारी प्रमुखमा उपेन्द्रलाई राख्नुपर्छ, त्यसको सहअध्यक्ष, वरिष्ठ नेतामा महतो बसे भइहाल्छ । केही लागेन भने ठाकुरकै नेतृत्वमा पनि पार्टी दर्ता हुन सक्छ ।'

अन्य नेताको व्यवस्थापन के ?

यादव र महतोको टकराबका कारण अन्य नेताको व्यवस्थापनका विषयमा अहिले पार्टीभित्र खासै बहस भएको छैन । राजपाभित्र अध्यक्षमण्डलमा ६ सदस्य छन् । ठाकुर र महतोलाई छाड्ने हो भने अन्य नेताले कार्यकारी तहकै भूमिका खोजेका छैनन् । तर, महतोको भूमिकालाई खुम्चाउन भने राजपाभित्रको अध्यक्षमण्डल नै भित्रभित्रै सक्रिय छन् । महतो र अर्का नेता महेन्द्र राय यादवको राम्रो सम्बन्ध छैन । आँखा चिम्लेर पार्टी एकता गरेको भन्दै राजकिशोर र अनिल झासमेत असन्तुष्ट हुँदै आएका छन् । ठाकुर, भट्टराई, यादवपछि तेस्रो नम्बरको वरीयतासहितको कार्यकारी भूमिका महतोलाई दिने कि अशोक राईलाई भन्ने विवादसमेत पार्टीमा देखिन थालेको छ । तत्कालीन मालेमा रहेर झापा आन्दोलनताकाबाटै राजनीति गरेका राई तत्कालीन एमालेमा उपाध्यक्ष समेत भएका नेता हुन् । उनलाई समाजवादीले महतोभन्दा अघिको स्थानमा राख्न जोड गरिरहेको छ । त्यसलाई कतिपय राजपाका नेताहरूले समेत सकारात्मक ठानेका छन् । महतो र उनीपक्षीय नेताहरु राईलाई अघिल्लो वरीयतामा राख्ने प्रस्तावप्रति सकारात्मक छैनन् । 'दोस्रो वरीयतामा बाबुरामजीलाई हामीले स्वीकार गरेका छौं तर महतोभन्दा अघि राईलाई स्वीकार गर्ने कुरा आउँदैन,' महतोनिकट राजपाका एक पदाधिकारी भन्छन, 'उनीसँग कुनै सांगठनिक बल छैन, अघि जन्मेको र पछि जन्मेको आधारमा सिनियर र जुनियर भन्ने हुन्न । संगठनमा कसको कस्तो पकड छ र जनाधार कोसँग छ भन्ने हेर्नुपर्छ ।'

केही समयअघि समाजवादीका अध्यक्ष यादव भन्ने गर्थे, 'मधेसवादी भनेको भीड हो । यसलाई संगठनको स्वरूप दिनुपर्छ । संगठनको स्वरूप दिइएन भने यो भीडलाई अरु कसैले तान्न सक्छ ।' गैरसरकारी संस्थाको पृष्ठभूमिबाट राजनीतिमा उदाएका यादवले तत्कालीन संघीय मधेसी जनअधिकार फोरम नामक गैरसरकारी संस्थालाई राजनीतिक दलका रूपमा अघि बढाए । संगठनको आकार दिएर यहाँसम्म आइपुग्दा उनको मान्यतासमेत बदलिएको छ ।

# रामेछाप डायरी

## रामेछापमा १ सय ३ जना क्वारेन्टिनमा

रामेछाप । रामेछापमा क्वारेन्टिमा बस्नेको संख्या अहिले सम्मकै बढी भएको छ । जिल्लाको विभिन्न पालिकाहरुमा भारत लगाएतका ठाउँबाट मानिसहरु आउनेक्रम बढेसंगै क्वारेन्टिनमा बस्नेको संख्या पनि बढेको हो । सोमबार जिल्लाको विभिन्न पालिकाहरुमा क्वारेन्टिनमा बस्नेको संख्या एक सय कटेको छ । अहिले उमाकुण्ड गाउँपाकिलामा २२ जना , मन्थली नगरपालिकामा २२ जना , रामेछाप नगरपालिकामा ६ जना , गोकुलगंगा गाउँपालिकामा १६ जना , खाँडादेवी गाउँपालिकामा ३ जना र लिखुतामाकोशी गाउँपालिकामा १३ जना गरी १ सय ३ जनालाई क्वारेन्टिनमा राखिएको स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र कुमार कर्णले बताए । कोरोना संक्रमणको सम्भावित जोखिमतालाई मध्येनजर गरी जिल्लामा ७१ शैयाको आइसोलेशन कक्ष र ३ सय ३१ शैयाको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ । अहिले मन्थली नगरपालिकामा २२, रामेछाप नगरपालिकामा १७ , दोरम्बा गाउँपालिकामा ७ ,सुनापति गाउँपालिकामा ६ ,खाँडादेवी गाउँपालिकामा ११ , गोकुलगंगा गाउँपालिकामा ५ र लिखुतामाकोशी गाउँपालिकामा ३ शैया आइसोलेशन कक्ष स्थापना गरिएको कर्णले जानकारी दिए । त्यसैगरी मन्थली नगरपालिकामा ३६, रामेछाप नगरपालिकामा ७० ,दोरम्बा गाउँपालिकामा १६ , खाँडादेवी गाउँपालिकामा ४७ , गोकुलगंगा गाउँपालिकामा ३४, उमाकुण्ड गाउँपालिकामा ५३ र लिखुतामाकोशी गाउँपालिकामा ४९ र सुनापति गाउँपालिकामा २६ शैया क्वारेन्टिन स्थापना गरिएको कर्णले जानकारी दिए ।

## रामेछापमा ७ सय ३१ आरडिटी र ३५ पीसीआर नेगेटिभ

रामेछाप । रामेछापमा ३५ जनाको पिसिआर र ७ सय ३७ जनाको आरडिटी परीक्षण गरिएको छ भने ६ जनाको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । २०७७ जेठ १२ गते सोमबारसम्म जिल्लामा महिला ९ जना र



पुरुष २६ जनाको पिसिआर र १ सय ६४ जना महिला र ५ सय ७७ जना पुरुषको र्‍यापिड डायग्नोस्टिक टेष्ट (आरडीटी) प्रविधिबाट कोभिड(१९ को परीक्षण गरिएकोमा आरडिटी रिपोर्ट पोजेटिभ आएका ६ जनाको पीसीआर रिपोर्ट अझै नआएको स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र कुमार कर्णले बताए । कर्णका अनुसार अहिलेसम्म रामेछाप नगरपालिकामा १४ जना , मन्थली नगरपालिकामा ६ जना र खाँडादेवी गाउँपालिकामा १५ जनाको पिसिआर परिक्षण रिपोर्ट नेगेटिभ आएको छ भने मन्थली नगरपालिकाका ५ जना र सुनापति गाउँपालिका वडा नं १ गुन्सीकाका एक जनाको पीसीआर रिपोर्ट आउन बाँकि छ । हालसम्म मन्थली नगरपालिकामा ३ सय २४ जना , रामेछाप नगरपालिकामा १ सय २२ जना , लिखुतामाकोशी गाउँपालिकामा ६ जना , सुनापति गाउँपालिकामा १ सय ३५ जना ,दोरम्बा गाउँपालिकामा १५ जना , उमाकुण्ड गाउँपालिकामा १६ जना , गोकुलगंगा गाउँपालिकामा ४१ जना , खाँडादेवी गाउँपालिकामा ७६ जना र जिल्ला अस्पतालमा २ जनाको र्‍यापिड परीक्षण गरिएको कर्णको भनाई छ । यसमध्ये आरडिटी रिपोर्ट पोजेटिभ आएका ६ जनाको स्वाब संकलन गरी पिसिआर परीक्षणका लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु पठाइएको कर्णले बताए । उनका अनुसार ६ जनाको पीसीआर परीक्षण रिपोर्ट सोमबार पनि आउने सम्भावना कम छ ।

## विद्युत सर्ट हुँदा खाँडादेवीकोमा एक घर जलेर नष्ट

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिका ३ डफ्काका नवीन माझीको घरमा बिहिबार राति आगलागी भएको छ । विद्युत सर्टभई भएको आलागीबाट घरसंगै घरमा भएका सम्पूर्ण सामानहरु जलेर नष्ट भएका छन् । आगलागीबाट घरमा भएको नगद, जिन्सि सामान तथा लुगाफाटो समेत जलेर नष्ट भएको माझीले बताए । आगलागीबाट बिचल्लिामा परेको परिवारलाई शुक्रबार नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रामेछापले राहात सामाग्रि उपलब्ध गराएको छ । रेडक्रस सभापति शिवकुमार कार्कीको नेतृत्वमा गएको टोलीले लत्ताकपडा, भाँडाकुँडा लगायतका सामाग्रि पीडित परिवारलाई उपलब्ध गराएको कार्कीले जानकारी दिए ।

## गाउँपालिकामा दीर्घरोगीहरुलाई निःशुल्क औषधि वितरण

रामेछाप । रामेछापको गोकुलगंगा गाउँपालिकाले सो पालिकाका दीर्घ रोगीहरुलाई निशुल्क औषधि वितरण गरेको छ । पालिकाले रोगीहरुलाई स्वास्थ्य संस्था मार्फत गाउँगाउँमै औषधि पुर्याएको हो । गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख जागिर रायका अनुसार गाउँपालिकाले मुटु, दम, क्यान्सर, मधुमेह र उच्च रक्तचापको नियमति औषधि खाने बिरामीहरुको लागि औषधि पठाएको हो । लकडाउनको कारण स्थानीयलाई औषधि किन्न जान समस्या परेपछि गाउँपालिकाले माग संकलन गरेर औषधि खरिद गरि वितराण गरिएको रायले बताए । पालिकाकाले २ सय ७ जना विभिन्न खालका दीर्घ रोगीहरुलाई औषधि वितरण गरिएको रायले बताए । यसैबीच मानवअधिकार अवस्था अनुगमन समिति रामेछापले ०७७ जेठ ७ गते समितिले गरिरहेका र गर्ने कामको बारेमा सरोकारवालासँग छलफल गरेको छ । जिल्ला प्रशासन कार्यालय रामेछापमा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, रामेछापका प्रहरी प्रमुख डिएसपी वसन्त पाठक, मन्थली नगरपालिकाका प्रतिनिधिको बिचमा समितिले गर्ने अनुगमनको कामको बारेमा जानकारी गराएको थियो । समितिमा नेपाल पत्रकार महासंघ, गैसस महासंघ, बार र मानवअधिकारकर्मीहरु सदस्य छन् । छलफलका क्रममा प्रमुख जिल्ला अधिकरी रुद्रादेवी शर्माले कमजोरी भएका कुरा औल्याइदिन समितिलाई आनुरोध गरिन ।

# यसरी कम गर्न सकिन्छ कोरोनाको जोखिम

सञ्चिता घिमिरे

काठमाडौं । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलगायत बन्दाबन्दीका समयमा पनि नियमित कार्यस्थलमा खटिनुपर्ने व्यक्तिले सावधानी अपनाउँदा कोरोना भाइरस (कोभिड(१९) बाट बच्न सकिने देखिएको छ ।

घरबाट कार्यालय र कार्यालयबाट फिल्डमा जाँदा आवश्यक स्वास्थ्य सावधानी अपनाउँदा यो रोगको जोखिम असाध्यै कम हुने जनस्वास्थ्य विज्ञले बताएका छन् । मास्क, पञ्जा, चस्मालगायतको उचित प्रयोग गरेमा रोग लाग्ने सम्भावना कम गर्न सकिने जनस्वास्थ्य विज्ञ डा रवीन्द्र पाण्डेले बताउनुभयो । कार्यस्थलमा जानु पहिले राम्रोसँग मास्क र चस्मा लगाउन उहाँले सुझाव दिनुभयो ।

माक्स बाहिरबाट हावा नपस्नेगरी लगाउनुपर्छ । आँखाका माध्यमबाट पनि भाइरस सर्ने हुँदा आफूसँग भएकै आँखा ढाकिने चस्मा प्रयोग गर्न सकिन्छ । उहाँले भन्नुभयो, "कतिपय व्यक्तिले घाँटीमा त कतिले नाक नै नछोपिनेगरी लगाएको पाइन्छ, तर सुरक्षाका लागि यसको सही प्रयोग गर्न खाँचो छ ।"

कार्यालय जाँदा गोजीमा सेनिटाइजर बोकेर हिँड्न उहाँले सबैलाई सल्लाह दिनुभयो । सम्भव भएसम्म हात धुने र साबुनपानी उपलब्ध नभएका स्थानमा सेनिटाइजर प्रयोग गरेर पनि हातमा भएका सङ्क्रमण नष्ट गर्न सकिन्छ । पञ्जाको प्रयोग गर्दा हातबाट नाक वा मुखसम्म सङ्क्रमण फैलन पाउँदैन ।

कार्यालय वा फिल्डमा पनि सामाजिक दूरी कायम गर्दा जोखिम कम हुने डा पाण्डेले बताउनुभयो । कुनै पनि व्यक्तिसँग ६ फिटको दूरी कायम राख्नुपर्छ । कतिपय अवस्थामा कामका लागि नजिक जानुपर्दा लामो समयसम्म नजिक नबस्न उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "कुनै पनि व्यक्तिको नजिक कतिबेर बस्यो भन्ने कुराले पनि अर्थ राख्छ, नजिक बस्नैपर्दा पनि जति छोटो समयका लागि बस्यो त्यति राम्रो हुन्छ ।"

कार्यालयमा कामका सिलसिलामा किताब, कापी, टेबुल, कुर्सीलगायतका सामग्री पनि पटक पटक छुइने गरेको छ । यसले मानिसबाट मानिसमा जसरी सजिलै नसर्ने पनि उहाँले बताउनुभयो । कार्यालयकै कर्मचारीले पनि आपसमा दूरी कायम गरेर काम गर्दा जोखिम कम हुने उहाँको भनाइ छ । कार्यालय बाहिर जाँदा पनि भीडभाड हुने ठाउँमा नजान उहाँले सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "मानिसहरु भेट्नुपर्दा कसरी दूरी कायम गर्ने भन्ने तय गर्न खाँचो छ ।"

हामी मध्ये अधिकांशको पटक पटक हात, नाक, मुख, आँखालगायतका अङ्गमा लैजाने बानी हुन्छ । एउटा व्यक्तिले औसत दिनको ९० पटक हात अनुहारमा लैजाने बताइन्छ । कोभिड(१९ विश्वबाटै हराउने समय लाग्ने विश्व स्वास्थ्य सङ्गठनले बताइरहँदा हामीले यीलगायतका व्यवहारमा परिवर्तन ल्याउन खाँचो छ ।

मास्क लामो समयसम्म लगाउँदा चिलाए पनि त्यसलाई जुनसुकै समयमा हातले छुन नहुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "चिलाउँदा पनि सहनुपर्छ हातमा सङ्क्रमण हुनसक्ने भएकाले झिक्ने वा चिलाउने गर्नु हुँदैन ।"

कार्यालयमा हुँदा पनि पटक पटक साबुनपानीले हात धोएर हातलाई सङ्क्रमणमुक्त गर्न सकिन्छ । खानेकुरा खानु पहिले उपलब्ध भएसम्म हात धोएर खानुपर्ने डा पाण्डेको सुझाव छ । साबुन र पानी उपलब्ध नहुने ठाउँमा हातमा सेनिटाइजर लगाएर चम्चाले खान सकिन्छ । अहिलेसम्म नेपाल र विश्वमा हेर्दा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई कोभिड १९ ले आक्रमण गरेको पाइएको छ । आमनागरिकसँगै बन्दाबन्दीका समयमा काम गर्नुपर्ने पेशाका व्यक्तिले पनि पोषिलो खाना र व्यायाममा ध्यान दिनुपर्ने उहाँको सुझाव छ ।

कार्यालय आउन/जानका लागि प्रयोग गर्ने सवारी साधनमा सावधानी अपनाउँदा पनि सङ्क्रमणको जोखिम कम गर्न सकिन्छ । अहिले सडकमा जाम नहुने भएकाले कुनै एउटा सवारीमा हिँडेको व्यक्ति सडकमा अरुसँग नजिक हुने सम्भावना कम छ । यो समयमा आफ्नो मोटरसाइकल र स्कुटरमा हिँड्न त्यति डर नहुने उहाँले बताउनुभयो । कार्यालयका गाडी, एम्बुलेन्सलगायत सवारी साधनलाई पनि हरेकपटक प्रयोग गरेपछि निसङ्क्रमित बनाउनुपर्छ । बिहान साबुनपानीले पखाल्ने र सोडियम पानीले सफा गर्न सकिन्छ । हरेकपटक प्रयोग गरेपछि सवारी साधनलाई निसङ्क्रमित गर्नुपर्ने उहाँले बताउनुभयो । यस्तो समयमा कार्यालयको सवारी साधन असाध्यै जरुरी भएका व्यक्तिमात्रै चढ्दा अत्यावश्यक व्यक्तिलाई समेत जोखिम कम हुन्छ । सवारी चालकले पनि आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग गर्नुपर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "चालकले मास्क, चस्मा र पञ्जा प्रयोग गरेर आफू पनि सुरक्षित हुन र अरुलाई पनि सुरक्षित गर्न सक्छ ।"

कार्यालयबाट घर फर्किएपछि हात खुट्टा धुने र लगाएका सबै कपडा धोएर घाममा सुकाउनुपर्ने उहाँको सुझाव छ । अहिले कतिपय डाक्टर, नर्स, कर्मचारीलगायत फ्रन्टलाइनमा बसेर काम गरिरहेकाहरु घरमै सेल्फ क्वारेन्टाइन बसिरहेका छन् । आफू बाहिर काम गर्ने व्यक्तिले आफूबाट परिवारको सदस्यमा सङ्क्रमण नफैलियोस् भनी सजग हुनुपर्ने उहाँको सुझाव छ ।

परिवारमा ज्येष्ठ नागरिक र दीर्घरोगी छन् भने उनीहरुको सम्पर्कमा आउनुहुँदैन । उहाँले भन्नुभयो, "घरमा बिरामी, रोगी हुनुहुन्छ भने उनीहरुको सम्पर्कबाट टाढा बस्नुपर्छ, घरभित्र पनि दूरी कायम गरेर बस्नुपर्छ ।"

## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

# विकासको नाममा सहयोग गर्नेहरुले हाम्रा आचरण र नैतिकतामा असर पुऱ्याउछन् कि भनि सजग र सचेत होऔं ।



नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## सूचना तथा प्रसारण विभाग

# अन्तराष्ट्रिय समाचार

## भारतमा एकै दिन धेरै संक्रमित, १३७ को मृत्यु

भारतमा कोरोनाभाइरसका कारण शनिबार एकैदिन अहिलेसम्मकै दोस्रो धेरै सङ्क्रमित भेटिएका छन् । पछिल्लो २४ घण्टामा छ हजार ६५४ जना नयाँ सङ्क्रमित पुष्टि भएको अधिकारीहरुले जानकारी दिएका छन् । योसँगै भारतमा कुल सङ्क्रमितको संख्या एक लाख २५ हजारभन्दा बढी भएको छ । त्यसैगरी भारतमा कोरोनाका कारण अहिलेसम्म तीन हजार ७२० जनाको मृत्यु भएको छ । तीमध्ये १३७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । केन्द्रीय स्वास्थ्य तथा परिवारकल्याण मन्त्रालयले देशभर अहिले पनि सङ्क्रमित अवस्थामा रहेकाहरुको संख्या ६९ हजार ५९७ रहेको जनाएको छ । मन्त्रालयका अनुसार अरु ५१ हजार ७८३ जना सङ्क्रमित निको भएर घर फर्किसकेका छन् । मन्त्रालयका अधिकारीहरुले कुल सङ्क्रमित मध्ये ४१.३९ प्रतिशत निको भएको जानकारी दिएका छन् । देशभरी पछिल्लो २४ घण्टामा कोरोनाका कारण मृत्यु भएका १३७ जना मध्ये सबैभन्दा धेरै महाराष्ट्रका ६३ जनाको मृत्यु भएको छ । त्यसैगरी गुजरातमा २९ जना, दिल्ली र उत्तरप्रदेशमा १४, १४ जना, पश्चिम बंगालमा छ जना, तमिलनाडुमा चार जना, राजस्थान, मध्य प्रदेश र आन्ध्र प्रदेशमा दुई दुई जनाको मृत्यु भएको छ भने हरियाणामा एक जनाको मृत्यु भएको छ । देशभरी कोरोनाका कारण मृत्यु भएका कुल तीन हजार ७२० जनामध्ये सबैभन्दा धेरै महाराष्ट्रमा एक हजार ५१७ जना रहेका छन् । त्यसैगरी गुजरातमा ८०२, मध्य प्रदेशमा २७२, पश्चिम बंगालमा २६५ जना र दिल्ली प्रदेशमा २०८ जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरुले जनाएका छन् । त्यसैगरी राजस्थानमा १५३ जना, उत्तर प्रदेशमा १५२ जना, तमिलनाडुमा ९८ जना र आन्ध्र प्रदेशमा ५५ जना भएका छन् ।

## तालिबान र घानीद्वारा तीन दिनका लागि युद्धविराम घोषणा

अफगानिस्तानमा तालिवान समूह र सरकारी पक्षले तीन दिने युद्धविरामको घोषणा गरेका छन् । मुस्लीम धर्मावलम्बीहरुको महत्वपूर्ण चाड मानिने रमजानको अवसरमा युद्धविरामको घोषणा गरिएको दुवै पक्षले जनाएका छन् । आइतबारदेखि लागु हुनेगरी शनिबार राती अबेर दुवै पक्षले युद्धविराम घोषणा गरेको स्थानीय सञ्चार माध्यमहरुले जनाएका छन् । मुस्लिम धर्मावलम्बीहरुको महत्वपूर्ण चाड रमजानको समापनको समय आएकाले मुस्लिम बाहुल्यता रहेको अफगानिस्तानमा दुवै पक्षले युद्धविराम घोषणा गरेका हुन् । तालिबान विद्रोहीको तर्फबाट युद्धविराम घोषणा गर्दै जारी गरिएको सूचनामा यस अवधिमा कुनै हिंसात्मक घटना आफ्नो तर्फबाट नहुने दावी गरिएको छ । अफगानिस्तानमा विभिन्न विद्रोही समूह र सरकारी पक्षका विचमा लामो समयदेखि द्वन्द्व चल्दै आएको छ । द्वन्द्वका कारण हजारौंको मृत्यु भइसकेको छ भने त्यो भन्दा धेरै विस्थापित भएका छन् । अफगानिस्तानका दुवै पक्षले युद्धविराम घोषणा गरेकोप्रति संयुक्त राष्ट्रसंघले खुशी व्यक्त गर्दै स्वागत गरेको छ । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले यसअघि भएको शान्ति सम्झौतालाई पूर्ण रुपमा पालना गर्न आह्वान पनि गर्नुभएको छ । अहिले घोषित युद्धविरामलाई निरन्तरता दिँदै शान्ति प्रक्रियाबाट अगाडी बढ्नु पर्नेमा उहाँले जोड दिनुभएको छ ।

## अफगानी राष्ट्रपतिद्वारा तत्काल करिब दुई हजार विद्रोही कैदी रिहाईको लागि तयारी

तालीवानी समूहका कैदीहरूको रिहाई प्रक्रियालाई थप शीघ्रता दिने अफगानिस्तानका राष्ट्रपति असरफ घानीले आइतबार बताउनुभएको छ । तालीवान समूहले युद्धविरामको प्रस्ताव गरे पछि उनीहरुसँग तुरुन्तै 'शान्ति वार्ता' गर्न तयार रहेको बताउनुभएको छ । तालिबानले ईद-उलफित्र बिदामा तीन दिनसम्म युद्धविरामको प्रस्ताव राखेको छ । मुस्लिम रमजानको एक महिना लामो उपवासपछि आइतवारदेखि शुरू हुने रमणीय माहोल अर्थात् आफन्तहरूलाई भोज गर्ने समयमा युद्धविराम गर्ने प्रस्तावलाई राष्ट्रपति घानीले तुरुन्तै स्वीकार गर्दै वार्ताको नयाँ चरणमा प्रवेश गर्न आफु तयार रहेको बताउनुभयो । एक जिम्मेवार सरकारको रूपमा हामी अर्को एक कदम अगाडी बढ्छौं । म घोषणा गर्दछु कि तालिवान कैदी रिहाइ प्रक्रिया छिटो हुनेछ । घानीले राष्ट्रलाई सम्बोधन गर्दै भन्नुभएको छ । अमेरिका-तालिवानी समूहबीच फेब्रुअरीमा हस्ताक्षर गरिएको सम्झौतामा अफगान सरकारले पाँच हजार तालिवान बन्दीहरूलाई रिहा गर्ने र विद्रोहीले झण्डै एक हजार अफगान सुरक्षा बलका कर्मचारीहरुलाई मुक्त गर्ने सहमति भएको छ । सरकार र तालिबानबीच लामो समयदेखि अपेक्षा गरिएको शान्तिवार्ताका लागि आत्मविश्वास निर्माण गर्ने कदमका रूपमा कैदीको आदानप्रदान गर्ने सहमति सम्झौतामा भएको थियो । काबुलले हालसम्म करीव एक हजार तालिवान कैदीलाई रिहा गरिसकेको छ भने विद्रोहीले ३०० अफगानसुरक्षा बलका कर्मचारीहरुलाई मुक्त गरिसकेको छ । अमेरिकी सम्झौतामा हस्ताक्षर गरेदेखि अफगानी सेनामाथि क्रुर हमला गरेको विद्रोहीसँग सरकार 'तुरुन्त' शान्ति वार्ता गर्न तयार रहेको घानीले बताउनुभएको थियो । यसैबीच अफगान राष्ट्रपतिले करिब दुई हजार बन्दीलाई रिहा गर्ने प्रक्रियालाई अघि बढाएको राष्ट्रपति घानीका प्रवक्ताले बताउनुभएको छ । उहाँले विद्रोहीको तीन दिन लामो युद्धविराम घोषणापछि राष्टूपतिद्वारा करिब दुई हजार विद्रोहीको रिहाई हुन लागेको जानकारी गराउनु भएको हो । राष्ट्रपतिका पवक्ता सेदिक सेदिक्कीले ट्वीटमार्फत दिएको जानकारीमा भन्नुभएको छ, राष्ट्रपतिले आइतबार करिब दुई हजार तालीवान बन्दीलाई रिहाईको प्रक्रियालाई घोषणा गर्नुभएको छ । यो तालिवान समूहसँगको वार्ताका लागि सद्धभावना विकास गर्ने कदमका रूपमा अघि ल्याइएको हो ।


## प्रधानमन्त्री नेतन्याहुको भ्रष्टाचार मुद्दामा सुनुवाई

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको भ्रष्टाचारसम्बन्धी मुद्दामाथि आइतबार सुनुवाई सुरू भएको छ । पहिलो दिनको सुनुवाई करिब एक घण्टा भएको इजरायली अधिकारीले बताएका छन् । सुनुवाईका क्रममा नेतन्याहुले आफ्नो पहिचानका बारेमा पुष्टि गर्ने खालका धारणा मात्र राख्नुभएको छ । त्यसपछि अदालतले सुनुवाईलाई स्थगित गरेको थियो । इजरायली राजनीतिमा अनुभवी नेता नेतन्याहुको पक्षमा वकालत गर्ने टोलीले प्रमाण समिक्षा गर्नका लागि प्रशस्त समयका लागि अनुरोध गरेका बताइएको छ । अदालतले अर्को सुनुवाईकाको लागि मिति निर्धारण नगरिकन सुनुवाईलाई स्थगित गरेको छ । उहाँमाथि पदीय मर्यादा विपरी घुस, धोखावाजी र विश्वासको उल्लङ्घन गरी भ्रष्ट आचार देखाएको आरोप लगाइएको छ ।

प्रविधि

# यसरी गर्नुहोस फेसबुकमा लाइभ

लामो समयको परीक्षणपछि फेसबुकले लाइभ भिडियो ब्रोडकास्टिङ सुरु गरेको छ। अब फेसबुक प्रयोगकर्ताले आफ्नो अकाउन्ट वा पेजबाट भिडियो लाइभ गर्न सक्नेछन्। फेसबुकले सेडुअल वा इभेन्टमा भिडियो लाइभ गर्न सक्ने जनाएको छ। सेडुअल लाइभमा सवाल जवाफ पनि गर्न मिल्छ। भिडियोमा हालै लन्च गरिएको इमोजी पनि देखाउन मिल्छ। साथै, कमेन्टको रिप्ले पनि हेर्न मिल्ने फेसबुकले जनाएको छ। फेसबुकका प्रोडक्ट म्यानेजमेन्टका निर्देशक फिजी सिमोले लाइभ भिडियोमा दस गुणा बढी प्रयोगकर्ताले एकै पटक कमेन्ट गर्न सक्ने बताएका छन्। धेरै मानिसको चाहनाअनुसार फेसबुक लाइभको परीक्षण गरिएको फेसबुकले जनाएको छ। जसमा फेसबुकले सफलता पनि हात पाऱ्यो। फेसबुकले लाइभ भिडियो सबै प्रयोगकर्तामाझ ल्याउनुअघि परीक्षण गरेको थियो। जसमा उसले केही सेलिब्रेटीलाई यो सुविधा प्रदान गरेको थियो। परीक्षण गरेको एक वर्षपछि फेसबुकले यो सुविधा सबैका लागि खुल्ला गरेको हो। मानिसहरू नयाँनयाँ स्थानको भिडियो हेर्न रुचाउँछन्। तसर्थ, फेसबुक प्रयोगकर्ताले आफ्ना फ्यान फलोअरलाई ती स्थानबाट लाइभ स्ट्रिमिङ गर्न सकिने फेसबुकले आफ्नो ब्लगमा उल्लेख गरेको छ। यसले नयाँ फ्यान फलोअर पनि बढाउने फेसबुकको विश्वास छ। लाइभ भिडियो नोटिफिकेसनमार्फत फ्यान फलोअरकहाँ पुग्ने फेसबुकले जनाएको छ। लाइभ स्ट्रिमिङ सुरु हुनेबित्तिकै सबै फलोअरकहाँ नोटिफिकेसन पुग्ने फेसबुकको दाबी छ। फेसबुकले हाललाई ६० मुलुकमा फेसबुक लाइभ सेवा उपलब्ध गराएको छ। ती देशका फेसबुक प्रयोगकर्ताले आईओएस र एन्ड्रोइड अपरेटिङ सिस्टमका स्मार्टफोनबाट फेसबुक लाइभ गर्न सक्नेछन्। नेपालमा भने फेसबुक पेजहरूलाई मात्र यो सुविधा प्रदान गरिएको छ। व्यक्तिगत प्रोफाइलबाट यो सुविधा हासिल गर्न सकिँदैन। व्यापार/व्यवसाय वा कुनै पनि प्रायोजनका निम्ति खोलिएका पेजबाट फेसबुक लाइभ गर्न मिल्छ। नेपालमा केही सेलिब्रेटी र केही मिडियाले फेसबुक लाइभ गर्ने गरेका छन्। हालै रेखा थापाले आफ्नो पेजबाट फेसबुक लाइभ गरेकी थिइन्। उनले धुर्मुस-सुन्तली एकीकृत बस्तीबाट लाइभ गरेकी थिइन्। यसरी गर्नुस् लाइभ लाइभ गर्न स्ट्याटस लेख्ने ठाउँमा क्लिक गर्नुपर्छ। त्यसपछि तपाईंले चारवटा अप्सन देख्न सक्नु हुन्छ। पहिलो अप्सनमा फोटो/भिडियो पोस्ट गर्ने देख्नुहुन्छ। दोस्रो अप्सनमा रातो अक्षरको गो लाइभ, तेस्रो अप्सनमा चेक इन र चौथो अप्सनमा फिलिङ/एक्टिभिटी देख्न सक्नुहुन्छ। तपाईंले दोस्रो अप्सनको गो लाइभ बटन थिच्नुपर्छ। त्यसपछि लाइभबारे थोरै विवरण खुलाउनुपर्ने हुन्छ। त्यसपछि तपाईंले भिडियो लाइभ गर्न सक्नुहुन्छ। लाइभमार्फत स्टोरी बताउनुस् फेसबुकले सबैकहाँ आफूले चाहेको स्टोरी पुऱ्याउन सजिलो माध्यम फेसबुक लाइभ भएको उल्लेख गरेको छ। यसले मिडियालाई पनि सहज बनाएको विज्ञहरूले बताएका छन्। यसको प्रयोग बीबीसी, सीएनएनलगायत ठूला मिडियाले प्रचलनमा पनि ल्याइसकेका छन्। कुनै विषयमा ताजा बहस गर्न ती मिडिया फेसबुकबाटै लाइभ स्ट्रिमिङ गर्न सुरु गरिसकेका छन्। अप्रत्याशित हुने घटना भएकै स्थानबाट तुरुन्तै फेसबुक लाइभ गर्न मिल्ने भएकाले यसको प्रभावकारिता बढ्दै गएको विज्ञहरूले मूल्यांकन गरेका छन्। फेसबुक प्रयोगकर्ताले लाइभ भिडियो समापनपछि भिडियो कहाँ जाने भन्ने जिज्ञासामा फेसबुकले भनेको छ- लाइभ स्ट्रिमिङ सकेपछि भिडियो आफैँ पेजमा प्रकाशित हुन्छ। फेसबुकले एक पटकमा अधिकतम ९० मिनेटसम्म




लाइभ गर्न सक्ने उल्लेख गरेको छ। कसरी हेर्ने लाइभ फेसबुक लाइभ भन्ने कहाँ हुन्छ ? भन्ने प्रश्न तपाईंको मनमा हुन सक्छ। फेसबुकका अनुसार फेसबुकको माथि देब्रेपट्टि रातो अक्षरमा लाइभ लेखिएको हुन्छ। जुन न्युज फिडमार्फत देख्न सकिन्छ। लाइभ सस्क्राइभ गरेर पनि लाइभको नोटिफिकेसन पाउन सकिन्छ। रेकर्डेड सबै भिडियो प्रोफाइलको भिडियोज सेक्सनमा सेभ हुने फेसबुकले जनाएको छ। पेज भएकाले भिडियोलाई कस्टमाइज पनि गर्न सक्नेछन्।

त्यसका लागि कन्ट्रोल एन्ड कस्टमाइजेसन सेटिङमा गएर आफू अनुकूल भिडियोलाई कस्टमाइज गर्न सकिन्छ। फेसबुक लाइभका लागि भने राम्रो स्पिडको इन्टरनेट चाहिने फेसबुकले जनाएको छ। 'राम्रो वाइफाइ भएको इन्टरनेट भए फेसबुक लाइभ सम्भव छ, यसको सट्टा फोरजी सेवाबाट पनि फेसबुक लाइभ गर्न सकिन्छ,' फेसबुकले ब्लगमा लेखेको छ। इन्टरनेटको स्पिड हेर्न स्पिडटेस्ट एप डाउनलोड गरेर हेर्न पनि फेसबुकले सिफारिस पनि गरेको छ। भिडियो रिपोर्ट गर्न मिल्ने भिडियो कन्टेन्टबारे फेसबुकले सतर्कता अपनाएको छ। जोकोहीले आफूखुशी भिडियो लाइभ गर्न मिल्ने भएकाले कस्तो भिडियो लाइभ गर्न हुने नहुनेबारे फेसबुक सतर्क रहेको उल्लेख गरेको छ। यदि कसैले अश्लील वा कोही कसैलाई टर्चर गर्ने भिडियो लाइभ गर्दै छ भने त्यसमा प्रयोगकर्ताले रिपोर्ट गर्न सक्नेछन्। त्यसका लागि फेसबुकले एउटा टोली नै खटाएको छ। त्यस्ता भिडियोहरू फेसबुकले तुरुन्तै हटाउने प्रतिबद्धता पनि जाहेर गरेको छ। बक्स फेसबुकमा अफलाइन भिडियो ! फेसबुकमा पोस्ट भएका करिब ९८ प्रतिशत भिडियोले हैरानी दिने गर्छ। अझ युट्युबका भिडियोको तल र माथि सो भिडियो चोरिएको अथवा फेरि पोस्ट गरिएको भनेर देखाउने गर्छ। तर, अब तपाईंले चाहेको भिडियो आफ्नो एन्ड्रोइड एप प्रयोग गरी सेभ गर्न सक्नुहुन्छ। फेसबुकका एक प्रयोगकर्ताले फेसबुकमा भएको अफलाइन भिडियो हेर्न मिल्ने फिचरको पत्ता लगाएका छन्। फेसबुकमा सेभ गरिएको भिडियो तपाईंको अकाउन्टमा स्वतः सेभ हुन्छ। यसको अर्थ सो भिडियो तपाईंको स्मार्टफोनमा भने सेभ हुने होइन। डाउनलोडपछि सेभ भएको भिडियो तपाईंको फेसबुक एपमा मात्र रहन्छ। फेसबुक प्रयोगकर्ताले भनेका छन्, 'म सामाजिक सञ्जालको विज्ञ होइन तर मेरो अनुमान छ अन्य सेवामा अपलोड नभएका भिडियो फेसबुकमा भने सजिलै सेयर गर्न मिल्छ। यो सत्य भएको खण्डमा फेसबुक आफ्नै स्टिमबारे पनि अनभिज्ञ छ।'

उक्त भिडियो अफलाइनबाट पनि हेर्न सकिन्छ र आफूले चाहेको समयमा हटाउन सकिन्छ। फेसबुक एपको भर्सन ८५ र ८६ एपको प्रयोग गरी भिडियो सेभ गर्न सकिन्छ।

# लहलहाउँदो मकै किराले सखाप पारेपछि किसान हैरान

महोत्तरी। घामपानी नभनी गरेको मेहेनतले लहलहाएका मकैको बोटले दिएको खुशी महोत्तरीका किसानका अनुहारमा धेरै टिक्न सकेन। सुत्ला चेप्न लागेकादेखि भर्खरै हुर्कँदै गरेका बोट किराले सखाप पारेपछि महोत्तरीका किसानको पिरोलो बढेको हो। अहिले मकैखेती गरिएका फाँटमा किराले गुबोसमेत खाएर सखाप पारेका मकैका बोटका डाँठमात्र ठडिएका देखिन्छन्। मकै सोतर पार्ने फौजी किरा भएको किसानको निष्कर्ष छ। "अहिले सबै उमेरका मकैका बोटमा किराको प्रकोप छ, सुत्ला (घोगा लाग्नअघिको अवस्था) च्याप्न लागेका बोट एक-दुई दिनभित्रै पात र गुबोविहीन भएका छन्", बारीमा किराले सखाप पारेको मकैका बोट देखाउँदै भङ्गाहा नगरपालिका-४ का किसान सत्यनारायण यादवले लामो सुस्केरा हाल्दै भन्नुभयो, "अब मकै बाली भित्रचाइने आस मऱ्यो।" कोरोना महामारीबीच खेतबारीमा लहलहाएको मकै देख्दा खुशी भएको मन भाँच्चिएको किसानको भनाइ छ। किराले बोटमै सोतर पारेपछि किसान मकैका बोट काटेर गाईवस्तुलाई खुवाउन थालेका छन्। महोत्तरीका गौशाला, औरही, भङ्गाहा र बर्दिवास नगरपालिका क्षेत्रमा सघन मकैखेती गरिँदै आइएको छ। यसपालि मकै रोपेदेखि नै समयसमयमा परेको पानीले बोट हलक्क बढेर राम्रो उत्पादन लिने आस पालेका किसान अहिले किराले बोट सखाप पारेपछि बिलखबन्द परेका छन्। "तरकारी लकडाउनले गर्दा बजार लान नसकेर खेतबारीमै कुहियो, मकैको यो दशा भयो", बर्दिवास नगरपालिका-९ पशुपतिनगरका किसान विनोद महतोले बिरक्तिँदै भन्नुभयो, "अबचाहिँ जहान परिवारको गुजारा हामी किसानले के गरी गर्नु होला ?" जिल्ला-जिल्लाका जिल्ला कृषि विकास कार्यालय हटेसँगै आवश्यक कृषि परामर्श र उपचार प्रबन्धको सल्लाह पनि पाउन छाडिएको किसानको गुनासो छ। "सबै सेवा स्थानीय तहमा भनेको त सुन्दछौँ, तर कहिल्यै कृषि प्राविधिक हाम्रा बस्तीमा देखिँदैनन्", औरही नगरपालिकाको भोइल बस्तीका ७० वर्षीय किसान मोहन महतो भन्नुहुन्छ, "जिल्लाका कुनै स्थानीय तहले कृषि शाखाको राम्रो सञ्चालन गरेका देखिँदैन।" अहिले मकैबाली सोतर पार्ने किरालाई किसानले अमेरिकी फौजी किरा भन्ने गरेका छन्। बाली हेर्ने बुझ्नेहरूले 'यो त अमेरिकी फौजी किरा हो' भन्ने गरे पनि यहीँका बालीविज्ञले भने मकैबाली सखाप पार्ने कुन किरा हो यकिन गरेका छैनन्। "अहिले मकैबाली सखाप पार्ने किराबारे यकिन हुनसकेको छैन।

गजल/कविता

## विदेशीय



कृष्ण बहादुर बोगटी काका
चक्रबहिल –१२, बालकुमारी
ललितपुर

विदेश जान्छु काम गर्छु पचास डिग्री घाममा
परिवार बाबु आमा पाल्ने जिम्मा मेरो काँधमा
देशमा काम गरौ भने भ्रष्टाचारी धेरै
डलर खेती गर्नेलाई के भन्नु र दुखी कर्म मेरै

भ्रष्टाचारीको पोखरी धेरै ठुलो छायो
समाज सेवा गर्छु भन्ने साना तिनलाई ठूलाले नै खायो,
कस्तो खाले समाज सेवी आफु मात्रै खानु पर्ने
साना तिनाले राम्रो गरे फसाई जेल लाने

पैसा शक्ती झोले संग गरिब फसाई हाल्छ
उसको विरोध गर्नेलाई फसाई जेल हाल्छ

कर्मचारी आफ्नै थियो भ्रष्टको विरोध गऱ्यो
सडक बच्चा सहयोग रकम कर्मचारी फसाएर मऱ्यो

नेपालमा नेताको झोला बोक्ने धेरै ठूलो
निर्दोषी गरिब जनता चै पिसिएर धुलो
भ्रष्टाचारीको विरोध नगर्नुथ्यो गरे
पैसा शक्ति उसैसंग मत जेल परे ।

बाध्यताले भएपनी राजनीतिमा मा लाग्नु
गरिबलाई कसैले साथ दिदैन आफ्नै बाटो लाग्नु
लुटन सक्नु गरिबलाई फसाउन सक्नु सडक बच्चा
हरियो डलर कमाउनेलाई सबैले भन्छन सच्चा

## अधिकार बादी नै भ्रष्ट

विदेशीको भुमिमा रगतको खोल
रेमीटून्सले भ्रष्टाचारी खान्छ सधै झोल
गरिबको रगत पसिनाले देश चलिराछ।
कठैबरा युवा विदेशमा के काम गरि राछ।

आफ्नो देशको विकास भ्रष्टले खायो
युवा परिवारबाट विछोडीन बाध्य भयो।
विदेशीले लगानी दिन्छ नेता मन्त्रीको हात्मा
दुखी गरिब काम नपाएर त्यागी राछन आत्मा

नेपालमा काम गर्नेबातावरण बनाई दिए हुन्थ्यो।
त्यसो गरे युवाको मन सारै खुशी हुन्थ्यो।
विदेशीनु कसैको रहर पनी हैन
नेपालमा बसौ भने खान पाइदैन।

अधिकारको कुरा गर्नेले फसाएर माऱ्यो
त्यसैकारण मेरो छोराबुहारी विदेशीनु पऱ्यो।
सडक बच्चाको उद्धार गर्छु भन्नेले मेरो बच्चा खायो
पढ्ने उमेरमा ज्यामी काम गर्न बाध्य बनायो।

अधिकारको कुर्सीमा बस्ने गरिब कुट्ने
देश गरिब बच्चा गरिब देखाई डलर लुट्ने
समाज सेवा गर्नेको करोडौ कहाँबाट आयौ
सडक बच्चाबच्चि देखाई हरियो डलर खायो।

**डा. जेवि पाठक**

**शितल होमियोप्याथिक फार्मेसी**

**लायन्सचोक, नारायणगढ**

हामीकहाँ विशेष गरी विना अप्रेशन पाईल्स, फिस्टुला, शरीरमा भएको ट्युमर, मूसा (Warts), मृगौलाको पत्थरी, एवं बाथ, दम, ग्यास्ट्रीक, अल्सर, टन्सिल, बारम्बर रुघाखोखी लागि राख्ने, कपाल झर्ने, महिलाहरुको महिनावारी समयमा नहुने, सेतो पानी बग्ने, एवं छाला सम्बन्धी विविध रोगहरुको सफलतापूर्वक उपचार गरीन्छ।

**(विरामी जाँच्ने समय : विहान ११ वजे देखि साँझ ६ वजेसम्म)**

# कैलालीमा उच्च सर्तकता, क्वारेन्टिन थपसँगै प्रवेशमा कडाइ

लम्की । कैलालीको जानकी गाउँपालिकामा कोरोना सङ्क्रमित फेला परेपछि कैलालीका अन्य स्थानीय तहले सुरक्षा सतर्कता अपनाएका छन् । टीकापुर नगरपालिकाले बाहिरी जिल्लाबाट आउने सबैलाई क्वारेन्टिनमा राख्न हरेक वडामा क्वारेन्टिन स्थापना गरेको छ ।

टीकापुरले यसअघि नौ विद्यालयमा क्वारेन्टिन निर्माण गरेको थियो । शुक्रबार बसेको कार्यपालिका बैठकले बाहिरी जिल्लाबाट आउने नागरिक थेग्न नसकिने भन्दै हरेक वडामा थप एकएक वटा क्वारेन्टिन स्थापना गर्ने निर्णय गरेको हो । “हामीले यसअघि एक हजार नागरिक राख्नसक्ने तयारी गरेका थियौँ”, टीकापुर नगरपालिका स्वास्थ्य शाखा संयोजक बलबहादुर रावलले भन्नुभयो, “बाहिरी जिल्ला तथा भारतबाट आउने नागरिक बढ्ने देखिएकाले थप व्यवस्थापनमा लागेका छौँ ।”

हाल नगरपलिकाका क्वारेन्टिनमा १०० भन्दा बढी बसिरहेका छन् । स्थानीय पालिकामा क्वारेन्टिनमा बस्ने खचाखच भरिए पनि उनीहरूको स्वास्थ्य परीक्षण गर्ने किटको भने अभाव छ । “क्वारेन्टिनमा बसेका सबैको स्वास्थ्य परीक्षण गर्न सक्ने अवस्था छैन, बिनापरीक्षण पछि कसरी छाड्ने होला ?”, रावल भन्नुहुन्छ, “प्रदेश सरकारसँग माग गरिरहेका छौँ । सुदूरपश्चिमका सबै जिल्लाका पालिकामा भारत तथा नेपालका अन्य जिल्लाबाट आएकाहरू भरिएका छन् ।”

उता सीमासँगै जोडिएको भजनी नगरपालिकाकाले पनि कोरोना रोकथाम तथा नियन्त्रणका लागि नगरका सबै वडामा क्वारेन्टिन बनाउन थालेको छ । नगरसँग नजिकैको तहमा कोरोना सङ्क्रमित फेला परेसँगै नगरपालिकाले पनि उच्च सर्तकता अपनाउँदै १ देखि ९ वटै वडामा क्वारेन्टिन थप गरिरहेको नगरप्रमुख शेरबहादुर चौधरीले बताउनुभयो । भजनी नगरपालिकामा यसअघि पाँच क्वारेन्टिन छन् । भारतसँगै सीमानाका जोडिएको तथा रोगजारीका क्रममा अधिकांश भारतमा रहेकाहरू आउने क्रममा रहेकाले भजनी थप जोखिममा पर्न सक्ने भएकाले सुरक्षा सतर्कता अपनाइएको चौधरी बताउनुहुन्छ ।

“सतर्कता अपनाउनुका साथै थप क्वारेन्टिन स्थापना गर्न थालेका छौँ”, चौधरीले भन्नुभयो, “जाँचलाई प्राथमिकता दिँदै प्रत्येक क्वारेन्टिनमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी परिचालन गरेका छौँ ।”

कैलालीकै जोशीपुर गाउँपालिकाले पनि कोरोना सङ्क्रमणको उच्च जोखिममा रहेको भन्दै गाउँपालिका प्रवेश गर्ने नाकामा थप कडाइ गरेको गाउँपालिकाका कोरोना फोकल पर्सन नरेन्द्र कठरियाले बताउनुभयो । जोशीपुर गाउँपालिकाले तीन क्वारेन्टिन बनाई आन्तरिक तथा बाह्य क्षेत्रबाट आउनेलाई राख्ने गरेको छ । भारतलगायत अन्य क्षेत्रबाट आएकालाई एक ठाउँमा र नेपाल भित्रबाटै गाउँपालिकामा आएकालाई अर्को स्थानमा राख्ने गरेको छ । पछिल्लो समयमा गाउँपालिकामा पनि आन्तरिक क्षेत्र तथा भारतबाट आउने क्रम बढिरहेको गाउँपालिकाले जनाएको छ ।

यता बाँकेमा कोरोना सङ्क्रमण रोकथामका लागि अग्रभागमा खटिएका स्वास्थ्य र सुरक्षाकर्मीमा पनि सङ्क्रमण देखिएको छ । नरैनापुर गाउँपालिकाको कालाफाँटा चौकीमा कार्यरत एक प्रहरी जवानलाई कोरोना सङ्क्रमण पुष्टि भएको छ । गाउँपालिकामा भेटिएका २७ सङ्क्रमितमध्ये एक प्रहरी जवान रहेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिवबहादुर सिंहले जानकारी दिनुभयो । चौकीमा रहेका अन्य सुरक्षाकर्मीलाई क्वारेन्टिनमा आज पिसिआर परीक्षणको तयारी भएको छ ।

खजुरा गाउँपालिकामा कार्यरत एक स्वास्थ्यकर्मीमा पनि कोरोना सङ्क्रमण देखिएको छ । भारतबाट आएर क्वारेन्टिनमा बसेका खजुरा (५ का एक युवकमा सङ्क्रमण देखिएको भोलिपल्ट स्वास्थ्यकर्मीमा सङ्क्रमण देखापरेको खजुराका अध्यक्ष किस्मतकुमार कक्षपतिले जानकारी दिनुभयो । नरैनापुरमा शनिबार कोरोना सङ्क्रमण देखिएका प्रहरीसहित २७ जनालाई नेपालगञ्ज ल्याएर खजुरास्थित कृषि अनुसन्धान केन्द्रमा तयार गरिएको आइसोलेशन केन्द्रमा राखिएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी दिनुभयो ।


प्रहरी चौकी कालाफाँटा बन्द


प्रहरीचौकीमा कार्यरत प्रहरीलाई कोरोना पोजेटिभ देखिएपछि प्रहरीचौकी कालाफाँटा बन्द गरिएको छ ।

बाँकेको प्रहरीचौकी कालाफाँटामा कार्यरत २३ वर्षीय एक जनालाई कोरोना सङ्कमण देखिएपछि प्रहरीचौकी कालाफाँटा बन्द गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता सिंहले जानकारी दिनुभयो । कालाफाँटा प्रहरीचौकीमा नौ जना कार्यरत छन् ।









जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस